अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालका शताब्दीऔं पुराना प्रणालीहरूमध्ये हिन्दू वर्ण व्यवस्था पनि एक हो । राज्यले नै वि.सं. १९१० मा जनतालाई विभिन्न तहमा वर्गीकरण गरी भेदभावपूर्ण कानुन बनायो र एउटा वर्गलाई ‘अछुत’ वर्गमा राखी विभिन्न क्षेत्रमा कानुन तहःवञ्चित गऱ्यो । देशको कानुन र सामाजिक व्यवहार हालसम्म पनि पूर्णतः हिन्दू वर्ण व्यवस्थामा आधारित छ । हिन्दू वर्ण व्यवस्थाले मानिसहरूलाई ब्राम्हण, क्षेत्री, वैश्य र शुद्रको रूपमा विभाजन गरेको छ जुन सामाजिक व्यवहारका रूपमा युगौंदेखि चलिआएको छ । चार तहमा विभाजित गरिएको कथित जातीय श्रृङ्खलामा दलित वर्गलाई सवैभन्दा तल्लो जातका रूपमा राखियो र उनीहरूलाई विभिन्न सामाजिक तथा राज्यका क्रियाकलापहरूवाट वञ्चित गरियो । उक्त वर्गीकरणमा पानी नचल्ने ठानिएको समुदाय नै दलित हो जुन चरम आर्थिक शोषण तथा सामाजिक उत्पीडनको सिकार भएको छ । दलितलाई सार्वजनिक हक अधिकार उपभोग गर्नवाट वञ्चित गरिएको छ । आर्थिक अवसरवाट विमुख पारिएको छ र सामान्यतया राज्य तथा समाजवाट बेवास्ता गरिएको छ (गौतम, २०७५) ।

ब्रिटिसकालमा भारतमा सन १९२७ मा बनेको “साइमन कमिसन”ले शुद्र मध्येकै “अतिशुद्र” मानी पानी नचल्लने तहमा राखेको समुहलाई दलित मानेको छ । नेपालको सन्दर्भमा दलितहरू आर्थिक रूपले शोषित, राजनीतिक रूपले आवाजहीन, सामाजिक रूपले तिरस्कृत तथा अछुतको रूपमा रहिआएका समुदाय हुन् । जातीय प्रणाली हिन्दू धर्मका मुख्य दर्शनको रूपमा रहेको भए तापनि नेपाली समाजमा विद्यमान अन्य धार्मिक समुदायमा समेत जातीय व्यवस्था व्यवहारमा रहेको पाइन्छ । वि.सं.२०२० को नयाँ मुलुकी ऐनले उपरोक्त भेदभावलाई कानुनतः हटाएको थियो भने पछिल्लो समय छुवाछुत निषेध गर्ने कानुन समेत वनिसकेको छ । तथापि नयाँ कानुनी व्यवस्थाको निर्माण तथा प्रजातन्त्रको पुनर्स्थापना पश्चात्को युगमा समेत जातीय भेदभाव समाजमा विद्यमान छ । राजनीतिक परिवर्तन भए तापनि राष्ट्रिय राजनीति र राज्यको अर्धसामन्ती चरित्रमा खासै परिवर्तन

नआएकाले दलितहरूको अवस्था, हैसियत र राज्यसत्तामा पहुँचमा उल्लेखनीय सुधार हुन सकेन । वास्तवमा जातीय प्रथा सामन्तवादी राज्यसत्ताले आफ्नो राजनीतिक स्वार्थ पूरा गर्न गरेको सामाजिक विभाजन हो यसले गर्दा जनसंख्याको ठूलो हिस्सा संरचनागत ढंगले नै उपेक्षित रहन गएको छ । केही दलित नेताहरूको दृष्टिकोणमा दलितहरू शुद्र होइनन् बरु यिनीहरू चतुरवर्ण बाहिरका समुदाय हुन् (गौतम, २०७५) ।

भारतमा सन १९५० को दशकदेखि बढी प्रचलनमा आएको दलित शब्द नेपालमा विगत एक दशकदेखि निकै चर्चा परिचर्चा, छलफल र वहसको विषय बन्दै आएको छ । वृहत नेपाली शब्दकोषले दलित समुदायलाई फग्ल्याँटै फग्ल्याँटा पारिएको, दलिएको, दमन गरिएको, कुल्चिएको, विध्वंश गरिएको, नष्ट गरिएको अर्थ जनाउने विशेष रूपमा समाजमा हक इज्जत र प्रतिष्ठा समानरूपले पाउन नसकेको जाति वा समूह, सामाजिक व्यवस्थाको असमानताले शोसिएको वा पछि परेको जनसमुदायको रूपमा परिभाषित गरेको छ । राष्ट्रिय दलित आयोगले भने वि.सं. १९१० को मुलुकी ऐनको आधारमा दलितको परिभाषा गरेको छ जस अनुसार "हिन्दू वर्णाश्रम जाति व्यवस्थामा वि.सं. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जातजाति भनी जातीय भेदभाव एवम् समाजमा अछुत मानिएका र समाजिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा धार्मिक राष्ट्रिय रूपमा मूलप्रबाहवाट पछाडि पारिएका जातजाती वा समुदायलाई दलित भनिन्छ" । कतिपयले यस्तो परिभाषाले दलित शब्दलाई विभेदयुक्त र अपमानजनक बनाएको हुँदा कुनै पनि जातजाति वा वर्गलाई हीन शब्दले सम्वोधन गर्न हुँदैन पनि भन्ने गरेका छन् । त्यति मात्रै होइन, दलित शब्दको नयाँ परिभाषा खोज्ने काम पनि भएको छ । जस्तैः जनउत्थान प्रतिष्ठानको विधानले "दलित समुदाय भन्नाले वंशानुगत सीप, श्रम, कला र संस्कृतिका धनी, समाजका सजक समुदाय वा जातिहरू भन्ने बुझिन्छ" भनेको छ । यस्ता परिभाषाले हिनतावोध हटाई समाजमा दलितहरूको वारेमा सकारात्मक सन्देश दिने अपेक्षा गरिएको छ ।

ई.पू.३००० देखि २५०० वर्षअघि वर्णव्यवस्थाको प्रतिपादन भएको हो । ईसापूर्व १५०० तिर वेदको रचना भएको थियो भने ईसापूर्व ५०० सम्म आइपुग्दा ब्राम्हणहरूले "वेदान्त"दर्शन तयार गरे । तत्पश्चात विष्णुपुराण (५/११), व्यास स्मृति (१/११/१२), अपधस्त धर्मशुत्र (२/१/८), मनुस्मृति (१०/५१/५६) लगायतका ब्राम्हण गन्थहरूमा कतिपय श्रमिक तथा

कलाकर्मीहरूलाई समाजमा नीच तथा अपवित्र घोषित गरियो । जन्मकै आधारमा मान्छेलाई उचनीच, पवित्र-अपवित्र ठान्ने वर्णाश्रम धर्म नै कालान्तरमा हिन्दू धर्ममा परिणत भयो । जसले वर्णभित्र पेशाका आधारमा उपवर्ण सिर्जना गरी जातिलाई पेशासँग  जोड्ने काम गऱ्यो । यसरी खास खास पेशा, व्यावसाय एवम् कला क्षेत्रका समुदायलाई चौथो वर्णबाट धकेलेर अतिशुद्र, अजात र समाजबाट वहिष्कृत गरी अपवित्र-अछुत बनाउने काम भयो ।

परम्परागत रूपमा दलित भन्नाले तथाकथित माथिल्लो जातिका समुदायवाट दवाईएका, सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक, सांस्कृतिक र राजनीतिक रूपमा पछाडि पारिएका वा अछुत भनिने जातीलाई बुझिन्छ । सामन्तवादी हिन्दू संरचनाभित्र आधारभूत पेसा, व्यावसाय, सीप तथा कला क्षेत्रमा संलग्न रहँदै आएका चरम जातीय विभेद अमानवीय छुवाछुतको उत्पीडन भोग्दै आएको समुदाय नै दलित हो र भारतीय उपमहाद्वीपमा आर्यहरूले चलाएको वर्णव्यवस्था कालक्रममा वर्णाश्रम धर्म (हिन्दू धर्म) वन्न पुग्यो । यसर्थ प्रारम्भमा वर्ण व्यवस्था अङ्गीकार आर्यभित्र विविध जातिच्यूत गरिएका आधारभुत तहका जनता मात्र दलित थिए तर हिन्दू धर्मको विस्तार तथा हिन्दू आर्य राजा महाराजाको शासनमा द्रविड र मंगोल नश्ल लगाएतका मानिसहरू माथि पनि वर्ण व्यवस्था र छुवाछुतको चलन लादियो । वर्णव्यवस्था भित्रको शुद्र बर्णवाट हटाएर अजात तथा अछुत बनाइएको समूह नै दलित हो त्यसैले अछुतलाई वर्णव्यवस्थाभित्र समेट्न कसैकसैले अति शुद्र वा पञ्चम वर्ण पनि भन्ने गरेको पाइन्छ तर यस्तो पञ्चम वर्णको उल्लेख शास्त्रमा भेटिंदैन् (विश्वकर्मा, २०६३) ।

धर्मको आधारमा जाति व्यवस्था र जातिका आधारमा पेशा,व्यावसाय जात,वंश र पेसाका आधारमा जातीय भेदभाव र छुवाछुतको सामाजिक व्यावहारलाई शासकीय इतिहासको मध्यकालीन युगमा अर्थात अर्थात मल्ल वंशीय शासनकालमा राजा जयस्थिति मल्लले मनुस्मृतिमा आधारित मानव न्यायशास्त्र नामको धार्मिक ग्रन्थ त्यसैलाई शासन विधिको रूपमा लागू गरी निश्चित पेसा वा श्रममा आबद्ध समुदायलाई शुद्र वा अछुत भनी तोकिदिए । अछुत जातको पानी नचल्ने, सार्वजनिक स्थलमा उपस्थिति हुन नपाउने, धार्मिक कार्य गर्न वा अध्ययन गर्न नपाउने वा तोकिएको बाहेक अन्य व्यावसाय गर्न नपाउने, ऊच नीच जातिका वीच विवाह गर्न नपाउने जस्ता निषेधात्मक नियम बनाई त्यस्ता कार्य गरेमा धार्मिक सामाजिक अपराध ठहर्ने र त्यस्ता अपराध शुद्र वा अछुतले गरेमा अन्य जातलाई

हुने सजायको भन्दा दोव्वर सजाय हुने व्यवस्था गरिएको थियो र उक्त प्रथा शाहवंशीय शासन कालमा पनि निरन्तर रह्यो । नेपालका तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले वि.सं. १९१० मा भारतका धार्मिक विदवान्हरूको परामर्शमा नेपालको पहिलो ऐन मस्यौदा जारी गरी लागू गरे जसले धर्मशास्त्रको आधारमा कायम रहेको जातीय भेदभाव र छुवाछुतलाई मान्यता दियो र नेपालका दलितहरू (आज दलित भनिएकाहरू) कानुनी रूपमा नै अछुत बनाइए । यस कानुनका आधारमा नेपाली समाजलाई जातीय विभाजन गरियो र धार्मिक मान्यता र परम्पराका आधारमा सामाजिक अपराध कायम गरियो र पहिलेजस्तै गरी एकै वा एकै प्रकृतिको आधारमा पनि अरुलाई भन्दा शुद्रलाई बढी सजाय तोकियो ।

संसार भर कुनै न कुनै रूपमा प्रचलित जातीय विभेदलाई समाप्त गर्ने उद्देश्यले सन १९६५ मार्च २१ म सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभावाट "सबै किसिमका जातीय भेदभाव उन्मुलन सम्बन्धी अन्तराष्ट्रिय महासन्धि" पारित भएपछि मानव मानववीच जातीय दृष्टिले भेदभाव गर्न नपाइने अवधारणाले विश्व जगतमा प्रवेश पाउन थाल्यो । "कानुनका अगाडि सबै समान हुनेछन् ।" भन्ने प्रमुख अवधारणा रहेको उक्त महासन्धिमा नेपालले पनि सन १९७१ जनवरी ३० मा हस्ताक्षर गरी तदअनुरूप जातीय भेदभाव विरुद्धका ऐन कानून तथा नीति नियमहरू तर्जुमा गर्ने प्रयास गरेको पाइन्छ ।

यसै अनुरूप नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ को धारा ११ (३) मा पनि सवै जातजाति वर्ग, लिङ्ग, धर्म र समुदायले समान रूपमा मानव अधिकारको प्रयोग गर्न पाउने प्राब्धानको व्यवस्था गरियो साथै सोही धारा (४) ले जातिपातिका आधारमा छुवाछुतको व्यवहारलाई कानुन बमोजिम दण्डनीय वनाइए तापनि व्यावहारमा खासै परिवर्तन नभई रहेको अवस्थामा एकातिर दलित समुदायले आफ्नो हक, हित, रक्षा र विगतको उत्पीडनको क्षतिपूति सहितको सुनिश्चत गर्न माग राख्दै शान्तिपूर्ण दबावहरू राज्यलाई दिइरहेको अवस्था र अर्कातिर ए.ने.क.पा.माओवादीले गरेको हिंसात्मक विद्रोह र संयुक्त जनआन्दोलन २०६२/०६३ ले मुलुकको राजनीतिक सामाजिक दृश्यमा आमूल परिवर्तन भएको पाइन्छ ।

कानूनले नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरिसक्दा जातीय छुवाछुत झनै बढि रहेको अवस्था छ । पहिलाको तुलना अहिले दिनहूँजसो जातीय हिंसाका घटनाहरू सञ्चार माध्यममा आउने गर्छन् हुन त यसलाई सकारात्मक रूपमा नै लिनुपर्ने हुन्छ किनकि पहिला सशक्तीकरण भएका थिएनन् र घटना घट्थे तर त्यसलाई कसरी लुकाउने भन्ने मात्र सोच हुन्थ्यो त्यसकारण यस्ता घटनाहरू कमै मात्रामा बाहिर आउँथे । अतः यस्ता घटनाबाट बढीजसो दलितहरू नै पीडित छन् किनकि महिलाहरू धारा पँधेरा, मेलापाता जाँदा यस्ता विभेदहरू भोगिरहेको अवस्था छ । जातजाति र लैङ्गिक आधारमा समान रूपमा ल्याउनका लागि राष्ट्रिय स्तरमा धरै नीति नियमहरू बनेका छन् तर यिनीहरूको उचित कार्यान्वय हुन सकिरहेको छैन जसको कारण समाजमा जातीय र लैङ्गिक हिंसा हुने गर्दछन् ।यस अवस्थामा उनीहरूलाई सशक्तीकरण गर्नका लागि सरकारी र गैरसरकारी संस्थाहरूले विभिन्न कार्यक्रमहरू गर्दै आइरहेका छन् । विशेषगरी ग्रामीण दलितहरू अझै पछाडि परेका छन् । बच्चा जन्माउनेदेखि खाना पकाउने, सफासुग्घर गर्ने परिवारलाई खुशी पार्ने, गाईवस्तुको स्याहार गर्ने, खेतीपाती गर्नेजस्ता अनुत्पादक काममा मात्र महिलाहरू सीमित रहनुपर्ने अवस्था छ । महिलाहरू बाहिर सभा सम्मेलनजस्ता कार्यमा सहभागी भएर बोल्न नपाउने जस्ता चलनहरू हाम्रो समाजमा अझ पनि छन् । निर्णय प्रकृयामा उनीहरूको भूमिका नहुने, कतै महिलाहरू बोली हाले भने पोथी बासेको राम्रो हुँदैन भन्ने चलन छ । महिलाहरू घरका लक्ष्मी हुन् जुन घरभित्र नै सीमित रहनुपर्छ भन्ने सोचका कारण महिलाहरू पछाडि परिरहेको अवस्था छ । यतिमात्र नभएर हाम्रो समाजमा दलितहरूले लैङ्गिक हिंसा, जातीय हिंसा, सामजिक विकृति यौन शोषण, चेलीबेटी बेचबिखन जस्ता हिंसाहरू सहेर बस्नु परिरहेको अवस्था पाइन्छ ।

अध्ययन क्षेत्रका दलितहरूको ज्यालामजदुरी भन्दा बढी बैदेशिक रोजगार तर्फ नै आकर्षित छन् । पुरुष घरमुली दलितहरू पढाईमा भन्दा बैदेशिक रोजगार तर्फ नै आकर्षित छन् तरपनि आफ्ना छोराछोरीहरूलाई पढाउनु पर्छ भन्ने धारणा भने बसेको पाइन्छ । सानो छदा घरमा काम गर्न नसक्ने र सामान्य अक्षर चिन्नु पर्छ भन्ने उद्देश्यले बच्चाहरूलाई स्कुलमा भर्ना गराउँदछन् त्यसपछि पढ्यो वा पढेन र कति पढाउने ? भन्ने विषयमा बाबु आमालाई त्यति चासो रहेको पाइदैन । अर्को तर्फ काम गर्न सक्ने भएपछि पढाइमा भन्दा काममा बढी महत्व दिने हुँदा विद्यालयमा नियमित नहुने वा बीचमै पढाइ छाड्ने सङ्ख्या पनि बढेको पाइन्छ । शैक्षिक उपलब्धी कमजोर हुनुमा आर्थिक प्रभाव नै जिम्मेवार हुने सम्भावना

देखिएकाले वास्तविकता अध्ययन गरी यथार्थता पत्ता लगाउन र आर्थिक अवस्थाले शैक्षिक अवस्थामा पारेको प्रभावबारे अनुसन्धान गर्नका लागि यो शोध पत्र तयार पारिएको छ । दलितजातिको सामाजिक साँस्कृतिक एवं शैक्षिक पक्षको अध्ययन जातित्वको पहिचानको हिसावमा एक अपरिहार्य विषयको रुपमा रहेको छ । अल्पसङ्ख्यामा रहेका दलितहरू नेपालका सबै कुना कुनामा छरिएर रहेका छन् । यस सन्दर्भमा पोखरा (कास्की)को काहुँमा बसोबास गर्ने दलितहरूको आर्थिक, सामाजिक र शैक्षिक पाटोलाई केलाएर संक्षिप्त रुपमा अध्ययन गरी यहाँ प्रस्तुत गरिएको छ ।

## १.२ समस्याको कथन

राज्यले दलितहरूलाई पनि विकासको मूलधारमा समाहित गर्नका लागि विभिन्न प्रयासहरू गरिरहेको छ तर दलित भने ओभ्फेलमा परिरहेका छन् । दलित सशक्तीकरणका लागि सरकारी र गैरसरकारी संस्थाहरूले गाउँ गाउँमा कार्यक्रम गर्दै आएका छन् । धेरैजसो कार्यक्रमहरू अभ्फै पनि सहरकेन्द्रित रहेका छन् । अन्य जात भन्दा दलितहरूको स्तर धेरै पछाडि रहेको छ । उनीहरूको शिक्षाको स्तर पनि कम छ र घरायसी वातावण पनि त्यस्तै रहेको छ भने बाह्य कार्यक्रममा जाँदा पनि जातीय हिंसा भोग्नु पर्ने भएकोले उनीहरू बाहिर निस्कन मान्दैनन् । त्यसकारण पनि दलितहरू आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक र राजनीतिक हिसावले अन्य जातका महिला भन्दा पछाडी छन् तर पनि यहाँका महिलाहरूको अवस्थामा पहिलाको तुलना केही परिवर्तन आएको छ । दलितको पहिलाको अवस्था र अहिलेको अवस्थामा आएको परिवर्तन र परिवर्तन आउनुका कारणलाई पत्ता लगाउने प्रयास गरिएको छ ।

- दलितहरूको सामाजिक, आर्थिक र शैक्षिक अवस्था कस्तो रहेको छ ?
- दलित समुदाय प्रति अन्य समुदायको कस्तो धारणा रहेको छ ?
- दलितका छोराछोरीको शिक्षामा सहभागिता रहने सम्बन्धमा परिवारको कस्तो दृष्टिकोण रहेको छ ।
- दलितहरू पछि पर्नुँमा कुन कुन पक्षले प्रमुख भूमिका खेलेको छ ?
- दलितको सामाजिक, आर्थिक र शैक्षिक कुन पक्षले कस्तो प्रभाव पारेको छ ?

## १.३. अध्ययनका उद्देश्यहरू

यस शोध प्रस्तावनामा निम्न उद्देश्यहरू रहेका छन् ।

- दलितहरूको हालको सामाजिक, आर्थिक अवस्था के कस्तो छ पत्ता लगाउनु ।
- सामाजिक आर्थिक अवस्थाले शिक्षामा कस्तो प्रभाव परेको छ सो विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्व

दलित भनेका कला र सीपका धनी व्यक्तित्वहरू हुन् र पनि उनीहरूलाई जातीय हिसाबले उपेक्षा गरिन्छ । उनीहरू अन्य जातिको तुलनामा हरेक हिसाबमा पछाडि परेका हुन्छन् त्यसमा पनि दलितहरूको त के कुरा गर्ने । हाम्रो देश नेपाल कानुनी रूपमा छुवाछुत मुक्त राष्ट्र घोषणा भइसकेको छ तर व्यवहारिक रूपमा भने परिवर्तन आएको छैन । उनीहरू अन्य जातिको तुलनामा हरेक हिसाबमा पछाडि परेका हुन्छन् । त्यस्तै महिला र पुरुष एक सिक्काका दुई पाटा हुन भनिए तापनि महिलाहरू पुरुषको तुलनामा धेरै पछाडी रहेका छन् । त्यसमा पनि दलित महिला र ग्रामीण दलित महिलाको स्तर धेरै पछाडि रहेको अवस्था छ । महिलाहरूलाई विभिन्न घरायसी कामधन्दा, बालबच्चा जन्माउने हुर्काउने साथै धार्मिक, सामाजिक, आर्थिक कारणले गर्दा महिलाहरू चूलोचौकोमा मात्र सीमित रहेको अवस्था छ जसले गर्दा उनीहरू धेरै पछाडि रहेको कुरा प्रत्येक वर्षको तथ्याङ्कले देखाउँछ । त्यसमा पनि अन्य महिलाको तुलनामा दलित महिलाहरू लैङ्गिक, वर्गीय र जातीय हिसाबले पछाडि परेका छन् । अहिले उनीहरूको सशक्तीकरणको लागि विभिन्न संघसंस्थाहरूले काम गरिरहेका छन । दलितहरूलाई विकासको मूलधारमा ल्याउने सरकारको नीति पनि रहेको छ । त्यसकारण उनीहरूको सामाजिक अवस्थाको विश्लेषण गर्दा उनीहरूको वर्तमान अवस्थाको बारेमा जानकारी लिन सकिने साथै यहाँका दलित महिलाहरूको सामाजिक अवस्थामा कस्ता खालका परिवर्तनहरू आएका छन् र परिवर्तन आउनुका मुख्य कारणहरू के हुन सक्छन् ? कुन पक्षलाई जोड दिंदा अध्ययन क्षेत्रका दलिताहरूको सामाजिक अवस्था सुधार हुनसक्छ भन्ने कुरा पत्ता लगाउनु आवश्यक रहेको छ । यो अनुसन्धानमा उनीहरूको सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक र राजनीतिक अवस्थालाई समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरिएको जसले वौद्धिक क्षेत्रका व्याक्तित्वहरू, अनुसन्धानकर्ता, योजनाविद, शिक्षक, विद्यार्थीहरू एवं अध्ययन क्षेत्रका दलितका बारेमा जान्न चाहने जो कोहीलाई पनि सहयोग पुग्ने साथै दलितलाई विकासको मूलप्रवाहमा ल्याउन समेत सहयोग पुग्नेछ । अध्ययन क्षेत्रका दलितहरूको सामाजिक अवस्थाको समाजशास्त्रीय अध्ययन गर्न आवश्यक भएको

तर हालसम्म कसैले पनि नगरेकाले यो शोधपत्र भावी अनुसन्धानकर्ताहरूलाई महत्वपूर्ण हुनेछ । दलितहरू बाहिरी सामाजिक कार्यमा कसरी लागिरहेका छन् भन्ने कुराको जानकारी दिइएको छ ।

- दलितहरूको विगतको अवस्था कस्तो थियो वर्तमानमा के परिवर्तन आएको छ र परिवर्तन आउनुका कारणहरू के हुन सक्छन् भन्ने कुराको जानकारी लिन सहयोग पुग्नेछ ।
- दलितहरूको सशक्तीकरणमा चासो राखी अध्ययन अनुसन्धान गर्न समाजशास्त्र अध्ययन गर्ने विद्यार्थीको लागि उपयोगी हुनेछ ।
- दलित अधिकारका लागि काम गरिरहेका संस्थालाई समेत यो अध्ययन उपयोगी हुनेछ ।
- दलितहरूलाई माथि उठाउन कस्ता खालका कार्यक्रमहरू गनुपर्छ भन्ने कुराको जानकारीका लागि सहयोगी हुनेछ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत अनुसन्धान गण्डकी प्रदेश अन्तर्गत कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ११ स्थित काहुँ भित्रका १०० घरधुरी दलित घरधुरी मध्ये त्यसको ५० प्रतिशतले हुन आउने ५० घरधुरीका घरमुलीहरूमा मात्र सीमित रहेको छ । यो शोधपत्र नितान्त रुपमा स्नातकोत्तर तहको उपाधी हासिल गर्नको लागि मात्र सीमित छ । दलितहरूको व्यक्तिगत अध्ययनमा मात्र सीमित गरिएको छ । उनीहरूको परिवर्तनलाई हेर्न सहज होस् भन्नका लागि एउटै घरका सासु वुहारीलाई समेत यस अध्ययनमा समेटिएको छ । यसमा अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रका गई दलितहरूको व्यक्तिगत विवरण लिई आवश्यक जानकारी संकलन गरिएको छ ।

## १.६ अध्ययनको संगठनात्मक ढाँचा

प्रस्तुत शोत्रपत्रलाई छ अध्यायमा विभाजन गरिएको छ । जसमा परिचयदेखि निष्कर्ष र सुझावहरूसम्म समावेश गरिएको छ । प्रत्येक अध्यायमा कसरी व्याख्या गरिएको छ भन्ने कुरा तल उल्लेख गरिएको छ । अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको औचित्य, अध्ययनको सीमा, पारिभाषिक शब्दावलीको परिभाषा, अध्ययनको संगठनात्मक ढाँचालाई समावेश गरिएको छ । अध्याय दुईमा सैद्धान्तिक पुनरावलोकन, परिचय, दलितसँग सम्बन्धित सैद्धान्तिक दृष्टिकोण प्रसतुत

गरिएको छ । साहित्य पुनरावलोकनको उपादेयता समावेश गरिएको छ । अध्याय तीनमा अनुसन्धान पद्धति, अध्ययन क्षेत्र छनोटको औचित्य, अनुसन्धान ढाँचा, नमुना छनोट विधि, तथ्याङ्कको प्रकृति र स्रोतहरू, प्राथमिक तथ्याङ्क संकलन विधिपूर्व र कार्यक्षेत्रमा भएको सहजता अध्ययनको विश्लेषण र प्रस्तुतीकरण समावेश गरिएको छ । अध्याय चारमा सामाजिक जनसाङ्ख्यिक दृष्टिकोण प्रस्तुत गरिएकोछ । अध्याय पाँचमा दलितको सामाजिक, आर्थिक, शैक्षिक हैसियत, छुवाछुत सम्बन्धी अवधारणा, वोलीचाली र लवाइखवाइ जस्ता कुराहरूमा आएको परिवर्तन र परिवर्तन आउनुका कारणहरूमा सामाजिक एवम् साँस्कृतिक कारण र सञ्चार माध्यमका प्रभाव र विभिन्न सामाजिक संघसंस्थाको प्रभाव समावेश गरिएको छ । अध्याय छमा सारांश, अध्ययनको मुख्य प्राप्ति र निष्कर्ष समावेस गरिएको छ ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको पुनरावलोकन

समाजिक परिवर्तनमा शिक्षा, चेतना र आर्थिक पक्षले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । साथै यी कुराहरूले मानिसको सामाजिक स्तरीकरणमा प्रभाव पारी व्यक्तिको स्तर परिवर्तनमा महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । हाम्रो समाजमा जति पनि परिवर्तनहरू भएका छन् तिनको श्रेय शिक्षा र चेतनालाई नै जान्छ । समाजशास्त्रले सबै किसिमका सामाजिक सम्बन्धहरूको अध्ययन गर्दछ । दलितहरूको सामाजिक अवस्थामा आएको परिवर्तनलाई विभिन्न सैद्धान्तिक परिप्रेक्ष्यवाट पनि अध्ययन र विश्लेषण गर्न सकिन्छ । सामाजिक व्याबहार र परिवर्तनका बारेमा अध्ययन तथा विश्लेषण गर्न विभिन्न समाजशास्त्रीय सिद्धान्तहरू प्रतिपादन गरिएका छन् । प्रस्तुत अध्ययनलाई केही सैद्धान्तिक खाकाभित्र राखेर विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## २.१ अवधारणात्मक पृष्ठभूमि

नेपालमा चलन चल्तीमा रहेका शताब्दीऔ देखिका पुराना मुल्य मान्यता कानुनी व्यवस्था हिन्दु वर्ण व्यवस्था पनि एक हो । राज्यद्धारा नै वि.स. १९१० मा जनतालाई विभिन्न तह र वर्णमा वर्गिकरण गरी भेदभावपूर्ण कानुन निर्माण गरी जनवर्गिकरणको थालनी गरीयो । त्यसै अन्तर्गत एउटा वर्ग र जातीलाई उच्च वा छुत र अर्को वर्गलाई अछुतको रूपमा विभिन्न क्षेत्रमा कानुनी तवरले समेत वञ्चित गरिएको पाइन्छ । देशमा जति पनि कानुन र सामाजिक परिवर्तन व्यवहारमा लागू गरिएका ती सवै जसो पुर्णता हिन्दु वर्ण व्यवस्थामा आधारित रहेको पाइन्छ । हिन्दु वर्ण व्यवस्थाले मानिसलाई ब्रम्हाण, क्षेत्री, वैश्य र शुद्रको रूपमा चार तहमा विभाजन गरिएको जुन सामाजिक व्यवहारमा हाल सम्म पनि युगौ देखि चलिरहेको छ । यसरी चार तहमा विभाजन गरि एक कथित जातीय ध्रुविकरणमा दलित वर्गलाई विभिन्न सामाजिक, आर्थिक, शैक्षित र राजनैतिक क्रियाकलापमा समावेश र सहभागी हुनबाट वञ्चित गरियो । यस प्रकारको वर्गिकरणमा पर्न बाध्य पानी नचल्ने ठानिएको समुदाय नै दलित हो । जुन चरण आर्थिक शोषण र सामाजिक उत्पिडनको

सिकार भएका र हुदै आएका छन् । दलितलाई आर्थिक र सामाजिक अवसरबाट विमुख गरिएको र सामान्य क्रियाकलापमा राज्यबाट र समाजबाट व्यवस्था गरिएको पाइन्छ । छिमेकी मुलुक भारतमा सन् १९५० को दशकमा बढी प्रचलित दलित शब्द नेपालमा विगत दशक देखि वढी चर्चा, परिचर्चा, बहस र छलफलको विषयवस्तु बन्दै आएको छ (शर्मा शिव, २०६८) ।

दलित शब्दको शाब्दिक अर्थ खोजी गर्ने हो भने बृहत नेपाली शब्दकोषले दलित समुदायको अर्थ फग्ल्याँटै फग्ल्याँटा पारिएको, दलिएको, दमन गरिएको अर्थ जनाउने विश्लेषण र समान हक, इज्जत र प्रतिष्ठा समान रूपले पाउन नसकेको जाति वा समुह, सामाजिक व्यवस्थाको असमनताले सोसिएको वा पछि परेको जनसमुदाय भनेर नामको रूपमा परिभाषित गरिएको छ (अधिकारी, २०६५) ।

नेपाली समाज वर्ग संघर्षको सिद्धान्तमा आधारित छ । यहाँ विभिन्न वर्गिय शाखाहरू जातिका रूपमा रहेका छन् । उच्च जाती र तल्लो जातीहरूका विच अन्तरसंघर्ष हुन गई तल्लो वर्गले आफ्नो हक र अधिकारका लागि संघर्ष गरी केही हक अधिकार प्राप्त गर्न सफल भएको पाइन्छ । प्रसिद्ध समाजशास्त्री कार्ल मार्क्सको वर्ग संघर्ष सिद्धान्तसँग यो अनुसन्धान मिल्दो छ । कसरी भने नेपालमा जाती विभाजन गर्दा कामको आधारमा उच्च र तल्लो वर्ग भनि, मालिक र मजदुरको व्यवहार गरेको पाइन्छ । उपल्लो वर्गले तल्लो वर्गलाई काममा लगाएर उनिहरूको श्रम शोषण गरी सीमित ज्यालामा काम लगाई आएका छन् । वर्तमानमा मजदुर वा तल्लो वर्गमा चेतना आई संगठित हुन गएकाले आफ्नो हक अधिकार खोजेको कारण जातीय विभेदको सुत्रपात हुन गएको पाइन्छ । यो अध्ययन वर्ग संघर्षको सिद्धान्तसँग मेल खाने हुदाँ यहाँ यसलाई पुर्व साहित्यका रूपमा समावेश गरिएको छ (कार्लमार्क्स, १८८१ ) ।

हिन्दु धर्मका पण्डितहरूले आफ्नो स्वार्थ सिद्धका लागि स्वेच्छाचारी ढङ्गले जात विभाजन गरे । नेपालमा किराँत काल पछि शासन गरेका सबै शासकहरू यही धर्मानुसार वर्णश्रम व्यवस्था  लागु गरे । कथित शुद्रका निहुँमा मानिसको पुस्तौ पुस्तालाई तडपाएर मार्ने कार्य गरियो । ति सबै घटनाहरूलाई छायामा पारिएको छ । भानवादी हिन्दुहरूले दलितको चिनारी शुद्र र अछुत भनेर दिएका छन् । आज नेपालमा दलितका रूपमा परिचित अतितमा

अभिशप्त जिन्दगी बाँचेका तिनै शुद्रका सन्तानहरू हुन् । जसलाई यो युगमा पनि अछुत र शुद्र हुनुको पिडा बोधबाट मुक्ति मिल्न सकेको छैन ।

यस अनुसन्धानात्मक लेखमा दलितहरूले प्राचिन कालदेखि वर्तमान कालसम्मको दलितको अवस्थालाई प्रस्तुत गर्ने प्रयास गरेको पाइन्छ । यसको निष्कर्षमा भनिएको छ "दलितहरू श्रम र सिर्जनाका कुशल कालिगढ हुन ।" औजार निर्माणको इतिहासमा पनि दलितको योगदान अग्रपंक्तिमा छ । दलितका औजारहरू प्रत्येक नेपाली घरघरमा छन् । साच्चै भन्नु पर्दा नेपाली कृषि अर्थतन्त्र दलितको औजारका भरमा चलेको छ । यसप्रकार नेपालको बैज्ञानिक खोजकर्ता, प्राचिन सर्वहारा र परिवर्तनका बाहकका रूपमा दलितको कोइलाका आरानहरू विज्ञानशाला संग तुलना गर्न सुहाउने छन् । जहाँ सिर्जनाको खात छ । उनीहरूका बस्तीहरू नेपाली लोकसंस्कृति र संगीतका विश्वविद्यालयका दाँजोमा कम छैनन । जहाँ एउटा मान्छे जन्मने वित्तिकै सनाई बजाउन सिक्छ र संगीतको स्वर र ताल अलाप्न थाल्दछ (ढकाल, २०६६) ।

यसर्थ श्रम र सिर्जनाको तथ्यले दलितको स्थान नेपालको प्राचिन अवस्थामा निर्माण कर्ता भएको देखिन्छ । आज दलितको भाग्य फलाममा लागेको खियासरी खिइँदै गएको छ । आर्थिक, राजनैतिक, सामाजिक, संस्कृतिक र शैक्षिक क्षेत्रमा दलित ठगिएका छन् । यो एउटा अत्याचार हो । दलित माथिको सृष्टि र सिर्जनाको इतिहास बोकेका श्रमजीवि वर्गको अस्तित्व मेटाउने अमानवहरूको यो व्यवहार अक्षम्य अपराध हो । बैज्ञानिकहरूको अपमान गरेर विज्ञानको विकास हुन सक्दैन । अतः दलितको वास्तविक चिनारीको सम्मान हुनुपर्दछ । यहि दलितहरूको पुर्खौली पेशाको अग्रधिकार र हर क्षेत्रमा विशेषधिकार सुनिश्चित हुनुपर्छ । यदि दलितहरूको सीप र सिर्जनालाई आधुनिक ढङ्गले समृद्ध र सुदृढ गर्ने हो भने सम्भव छ

## नेपालमा जातपात र छुवाछुतको उत्पत्ती

नेपालमा जातपात र छुवाछुतको उत्पत्ति ईशा.पू. ३००० देखि २५०० वर्षअघि वर्णव्यवस्थाको प्रतिपादन भएको हो । ईशापूर्व १५०० तिर वेदको रचना भएको थियो भने ईशापूर्व ५०० सम्म आइपुग्दा ब्राम्हणहरूले "वेदान्त" दर्शन तयार गरे । तत्पश्चात् विष्णु पुराण (५/११), व्यास स्मृति (१/११/१२), अपधस्त धर्मशुत्र (२/१/८), मनुस्मृति ( १०/५१/५६) लगायतका ब्राम्हण गन्थहरूमा कतिपय श्रमिक तथा कलाकर्मीहरूलाई

समाजमा नीच तथा अपवित्र घोषित गरियो । जन्मकै आधारमा मान्छेलाई उचनिच, पवित्र-अपवित्र ठान्ने वर्णाश्रम धर्म नै कालान्तरमा हिन्दु धर्ममा परिणत भयो । जसले वर्णभित्र पेसाका आधारमा उपवर्ण सिर्जना गरी जातिलाई पेसासँग जोड्ने काम गरयो । यसरी खास खास पेशा,व्यावसाय एवम् कला क्षेत्रका समुदायलाई चौथो वर्णबाट धकेलेर अतिशुद्र, अजात र समाजबाट बहिष्कृत गरी अपवित्र-अछुत वनाउने काम भयो ।

भारतीय उपमहाद्धीपमा लामो समयसम्म चलेको ब्राम्हण र क्षेत्रीयहरूको सत्ता संघर्षमा शुद्रहरू थप पेलानमा परे मौर्य वंशका राजा वृहदरथलाई उनका ब्राम्हण सेनापति उनका पुण्य मित्र सुङ्ले ईशापूर्व १८४ मा हत्या गरी ब्राम्हण राज्यको पुनर्स्थापना गरी १८५ मा सोको वैधानिकताका लागि मनुस्मृति लेखियो । मनुस्मृति लेखिने समयसम्म छुवाछुतको प्रचलन नभएको डा.अम्वेडकरको दावी छ । गुप्तकाल (ई.सा.३००-५००) मा  ब्राम्हण तथा बौद्धहरू बीच पुनः सत्ता संघर्ष चर्कियो त्यहीबेला वर्तमानको हिन्दू धर्मको स्वरूप तय भयो । अनि ब्राम्हणहरू चिरकालसम्म आफ्नो जातीय श्रेष्ठता एवम् हैकमतन्त्र टिकाउने गुरुयोजनाका रूपमा जातपात र छुवछुत प्रथा चालू गरे । सन ४०० को छेउछाउमा आफ्नो विरुद्धमा लागेका शुद्रहरू, वौद्धहरू एवं आफ्नो हैकमवाद नस्वीकार्ने क्षेत्रीयहरू समेतलाई जातिच्यूत गरी अछुतको दर्जामा राखियो । त्यसलाई ईशाको दोस्रो शताव्दीमा भारतमा मुसलमान शासकका आक्रमण अगाडि टिक्न नसकेका भारतीय भगौडा हिन्दू शासकहरूले आफ्ना शासकीय विरासतका रूपमा नेपाल भित्रयाएका जातीय छुवाछुत व्यवस्थालाई नेपालमा मानदेव अंशुवर्मा, जयस्थिति मल्ल र रामशाहले लागू गरेका र पृथ्वीनारायण शाहले यसलाई बढी व्यापकता प्रदान गरेका हुन् । सन् ४०० पछि भारतबाट लखेटिएका पुरेतहरूले तत्कालिन नेपालको तराई प्रदेश हुँदै पहाडी प्रदेश र वाग्मती उपत्याकामा छुवाछुत भित्रयाएका थिए । पछि काठमाण्डौका जयस्थिति मल्ल र गोरखाका राजा राम शाहले यसलाई संस्थागत गर्दै गए । २३७ वर्ष पूर्वराजा पृथ्वीनारायण शाहले नेपाल एकीकरणको नाममा जातपात, छुवाछुत र हिन्दू राष्ट्रलाई संस्थागत गरे ।

नेपाली दलित समुदायको नमूना भारतीय हिन्दू वर्ण व्यवस्थाको एउटा रूप हो जो नेपालमा अन्य हिन्दू जातीहरूसँगै प्रवेश गरेको पाइन्छ । त्यही वर्णव्यवस्थालाई तत्कालिन राजा सुरेन्द्र विक्रम शाहको पालामा जङ्गबहादुर राणाले वि.सं.१९१० सालमा छुवाछुतलाई अनुलङ्घनीय कानुन बनाएका हुन् । लामो समय (वि.सं.१९६५) सम्म केही उच्च जातीय समूहहरू पनि

हिन्दू प्रणालीको जात भार्ने अभ्यास अनुसार दलित हुने चलन थियो । मानिसहरूलाई छुत र अछुतको रूपमा कानुनी तवरले नै विभाजन गर्ने कार्य पूर्णतः हिन्दू वर्ण व्यवस्थामा आधारित रहेको पाइन्छ जसले मानिसहरूलाई ब्राम्हण, क्षेत्री, वैश्य र शुद्रमा विभाजन गरेको छ । चार तहमा विभाजन गरिएको कथित जातीय श्रृङ्खलामा दलित वर्गलाई सबैभन्दा तल्लो जातको रूपमा राखेको पाइन्छ । परिणाम स्वरूप नेपाली समाजमा छोइछिटो, सार्वजनिक क्षेत्रमा प्रवेश निषेध, अन्तरजातीय विवाहमा रोक, अछुतले शिक्षादीक्षा लिन नपाउने, घोडा चढ्न नपाउने, ठूलो घर बनाउन नपाउने, यौन शोषित हुनुपर्ने जस्ता मानव अधिकारका आधारभूत सिद्धान्तमा वञ्चित हुनुपर्ने स्थिति सृजना भयो । पुरानो वैधानिक कानुनले स्वरूप र जातीयताका आधारमा न्याय र सजायंको व्यवस्था गरेकोमा नयाँ मुलुकी ऐन २०२० लागु नहुँदासम्म सो व्यवस्था  कायम रहेको पाइन्छ । वि.सं.२०२० सालमा ऐनलाई संशोधन त गरियो तर छुवाछुत व्यवस्थालाई दण्डनीय बनाइएन तसर्थ सामाजिक व्यवहारमा छुवाछुत यथावत् रह्यो र राज्यले पनि संरक्षण गऱ्यो । नयाँ कानुनी व्यवस्थाको निर्माण तथा प्रजातन्त्रको पुर्नस्थापनाका वावजुद नयाँ युगमा समेत जातीय विभेद समाजमा विद्यमान रहेको पाइन्छ ।

नेपालमा ऐतिहासिक तथा प्राचीन समयदेखि नै वर्ण व्यवस्था थियो । लिच्छवी कालमा ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र रहेका थिए । समाजमा विभिन्न कार्यहरू वर्ण व्यवस्थाका आधारमा गरिन्थ्यो । मल्लकालमा पनि वर्ण व्यवस्था अस्तित्वमा थियो । मल्लकालीन राजा जयस्थिति मल्लले त यसलाई अझ बलियो बनाउन महत्वपूर्ण भूमिका खेले । वर्ण तथा जातीय व्यवस्थामा वर्गीकरण गरी विभिन्न नियम प्रचलनमा ल्याए । शाहकालीन राजाको चार वर्ण छत्तीस जातको फूलबारी भन्ने उद्धरणले त नेपाली समाजलाई अझ बढी एकताको मार्गमा लम्कायो । सबै नेपालीलाई बलियो बनायो । वास्तवमा वर्ण व्यवस्था विभिन्न मानिसहरूले अवलम्बन गर्दै आएको पेशा तथा वंशको आधारमा निर्माण भएको पाइन्छ । नेपालमा जस्ता कानुन ऐन विगतमा बने ती सबैले वर्ण व्यवस्थालाई निरन्तरता दिए, संरक्षण गरे । मुलुकी ऐनमा पनि जातिय व्यवस्था स्तरीकृत रूपमा देखिएको छ । मुलुकी ऐनले जातीय शुद्धतालाई अगाडि सारेको छ । जातीय संरचनामा अशुद्धता आएमा विभिन्न सामाजिक संस्कारगत कार्य गर्नुपर्दछ । बौद्ध मार्गी, शिवमार्गी एवं हिन्दू मार्गीको बाहुल्यता रहेको नेपालामा विभिन्न सामाजिक सम्बन्ध तथा व्यवहार पनि जातिगत समूहभित्र बढी चल्दछन् (कोइराला,२०६३) ।

राजा जयस्थिति मल्लले जातै पिच्छे अनेकौं नियम चलाए । जस्तै पहिरनको विषयमा कसाई जातले वहाँ काटेको लुगा लगाउने, पोडे जातले टोपी, लबेदा, जुत्ता सुनको गहना नलगाउने । कसाई, पोडे, चर्मकारले झिंगटीको छाना नबनाउने, यस्ता घरमा नबस्ने फेरि आफू भन्दा ठूला जातकालाई साना जातले आदर गर्नु भन्ने नियम चलाए (विष्ट, २०६४) ।

## २.२ सैद्धान्तिक पुनरावलोकन

### २.२.१ सामाजिक विभेदीकरणको सिद्धान्त

जर्मनी समाजशास्त्री म्याक्स बेबरका विचारमा समाजका विभिन्न व्यक्तिको आफ्नो आर्थिक सामाजिक र राजनैतिक स्थिति हुन्छ । त्यसैलाई व्यक्ति वा समूहको प्रतिष्ठा भनिन्छ । सामाजिक विभेदीकरण अपरिहार्य रहेको छ । समाजको प्रतिष्ठा भनेकै विभेदीकरण हो । मानिसहरू माथिल्लो तहमा पुग्न संघर्ष गरि रहनुपर्ने रूपले चल्न सक्दैन । समाजमा महिला, पुरुष, तल्लो जात र माथिल्लो जात सर्वहारा वर्ग र वुर्जुवा वर्ग आदि वीच विभिन्न विभेदहरू उत्पन्न भई प्रतिस्पर्धाको भावना जागरित हुन्छ र उनीहरू शिक्षा प्राप्तीमा अग्रसरता देखाउन सक्छन् । यसै सन्दर्भमा केन्द्रित भई भावना जातिमा दलित जाति भनेर गरिने विभेदबाट उत्पन्न हुने प्रतिष्पर्धाले उच्च माध्यमिक तहमा दलित छात्र छात्राको सहभागितामा कस्तो प्रभाव परेको छ भन्ने सन्दर्भबाट म्याक्स वेबरको विचार र सामाजिक विभेदीकरणको सिद्धान्तको विश्लेषण गरिएको छ । यस सिद्धान्तले दलित छात्र छात्रालाई र अन्य विद्यार्थीहरूको विभेदीकरण न्यून गर्न प्रोत्सहान दिन सक्ने विश्वास गरिन्छ (शर्मा, २०६४) ।

### २.२.२ सङ्घर्षको सिद्धान्त वा द्वन्द्व

संघर्षको सिद्धान्तलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणमा विश्लेषण गरि विश्वव्यापी बनाउने श्रेय कार्ल मार्क्सका अनुसार समाजका हरेक प्रक्रिया नियमहरू र परिणामहरूको विश्लेषण बैज्ञानिक र यथार्थवादी दृष्टिकोणबाट गरिनु पर्दछ । समाज परिवर्तनको लागि संघर्ष वा द्वन्द्वको सिद्धान्तको आधार उत्पादन प्राणाली र त्यसको असमान वितरण प्रणाली हो । यस आधारमा समाजको इतिहासलाई घटनाहरूको अव्यविस्थत राशीको रूपमा नभई उत्पादनको निम्न स्तरीय पद्धतिको सट्टा उच्चस्तरीय पद्धतिको परिवर्तनको नियमित र स्वभाविक तथा अनिवार्य प्रणालीका रूपमा बुझ्न थालियो । मार्क्सका अनुसार समाजका

सम्पूर्ण पक्षहरूमा सिङ्गो सामाजिक ब्यवस्थाको स्वरूपमा परिवर्तन ल्याउने आधार वर्ग संघर्ष हो । वर्ग संघर्षको सिद्धान्त अनुसार समाजमा विभिन्न वर्गहरू रहेका हुन्छन् । समाजका यी परस्पर विरोधी वर्गहरूका बीचमा आफ्नो स्वार्थलाई लिएर सामाजिक संघर्षको स्थिति उत्पन्न हुन जान्छ । यस अन्तर्गत शोषित वर्ग वा मजदुर वर्ग वा श्रमकि वर्ग र पुँजीपती सामान्ती वर्ग वीच उत्पादन प्रक्रिया उत्पादनको वितरण वा उत्पादनको उपभोगको सम्बन्धमा उत्पादनका साधानहरूका स्वामित्वका सम्बन्धमा वर्गीय आधारमा सधै सामाजिक द्धन्द्ध हुने गर्दछ । पूँजीपति वर्गले सधै श्रमको शोषण गर्ने र वस्तुको अतिरीक्त मूल्यलाई श्रमिकहरूबाट अलग गरी आफूले मात्रा उपभोग गर्ने गर्दछन । यसले गर्दा श्रमजीवि वर्ग प्रभावित हुन्छ (काल मार्क्स, १९७१) ।

यस प्रभावले श्रमिक वर्गमा चेतनाको विकास संगठनको विकास हुदै वर्गिय संघर्ष चर्कन पुग्दछ । यस प्रकार उत्पन्न भएको दुई वर्गवीचको संघर्ष क्रान्तिकारी र रक्तपात पूर्ण बन्न जान्छ । यस प्रकार यसबाट सामाजिक सम्बन्ध व्यवहार उत्पादन प्रणाली तथा उत्पादनका साधनहरू माथिको स्वमित्वमा परिवर्तन हुदै सिङ्गो सामाजिक संरचनामा परिवर्तन आउँछ । जब उत्पादनको तरिका मान्यता र प्रक्रियामा परिवर्तन आउँछ तब सामाजिक संरचना भित्रका अन्य एकाइ र उपएकाइहरूको कार्य प्रणालीमा परिवर्तन आउँछ । यो नै संघर्षको सिद्धान्त अनुसारको सामाजिक परिवर्तन हो । यसरी उनको सङ्घर्षको सिद्धान्त वा द्धन्द्ध सिद्धान्तसँग दलितहरूको अवस्था सम्बन्धित गराउदा शिक्षाले उनीहरूमा सचेतना बढ्छ र शैक्षिक, सामाजिक, आर्थिक स्तर उकास्न मद्धत गर्छ भन्न सकिन्छ (शर्मा, २०६५) ।

### २.२.३ Max Weber (1867-1920 **अनुसार**

समाजमा विभेदीकरण ल्याउने मुख्य तत्वका रुपमा सम्पत्ति, शक्ति र इज्जतलाई मानेका छन् । जुन वर्गको इज्जत बढी हुन्छ, आम्दानी बढी हुन्छ, जो सुकिलो पहिरणमा हिडडुल गर्छ । त्यस्तो पद्धतिले समाजमा विभेदिकरण उत्पन्न गरेको हुन्छ ।

वाग्ले (२०५९ मा उल्लेख भए अनुसार समाज विभिन्न जात जातिको बासस्थान हो । जातजातिको मान, प्रतिष्ठा, सम्पत्तिले गर्दा समाजमा विभेद भईरहेको छ । दलित जाति पनि आफ्नो मान, प्रतिष्ठा, इज्जतको कारण चपेटमा परेको छ । जसको प्रत्यक्ष शैक्षिक क्षेत्रमा देखिएको छ । इमाइल दुर्खिम (१८५८-१९१६) का विचारमा समाजमा प्रत्येक अंशले सृजना

गरेका आदर्श अरुलाई अर्थ दिने र संरक्षण दिने काम शिक्षाले गर्दछ । समाजका प्रत्येक सदस्यहरूमा सफभा गुणहरू छन् । यस्ता साझा गुणले उनीहरूलाई एक अर्काको सम्मान तुल्याउादछ र समाजमा बाच्न सक्दछ ।

समाज एक गतिशील प्रक्रिया हो । हाम्रो समाज परिवर्तन भएतापनि शैक्षिक प्रक्रियामा परिवर्तन नहुनुले शैक्षिक क्षेत्रमा विभेदीकरण भएको पाइन्छ । प्रख्यात शिक्षाविद ओटाले -Ottway) का अनुसार "शिक्षाको अवसर भनेको प्राथमिक शिक्षालाई अनिवार्य वा निःशुल्क बनाउनु होइन । माध्यमिक तहको शिक्षालाई विस्तार गर्नु मात्र नभै उच्च शिक्षालाई सर्वसुलभ गरि सबै व्यक्तिको पहुँच बढाउनु हो । यस्तो किसिमको शैक्षिक समाज अवसरबाट समाजका उचच वर्ग जो टाठा बाठा छन् तिनले मात्र मौकाको सदुपयोग गर्न सक्दछन् ।" यस अर्थ समाजका विपन्न वर्गले शिक्षाका सेवा सुविधाहरू लिनबाट बञ्चित हुनुपरको छ । यस्ता सबै समस्याहरूमा दलित जातिहरू जेलिएको पाइन्छ । यिनै आर्थिक तथा सामाजिक पृष्ठभूमिको कारण शैषिक सुविधा तथा सेवाबाट बंचित भएको पाइन्छ ।

सामान्यतया वर्ग बन्नाले समान विशेषता भएका कुनैपनि वस्तुहरूको समुह हो । भन्ने बुझिन्छ । उस्तै विशिष्टताहरूको समग्र भने पनि हुन्छ । तर समाजशास्त्र मानव शास्त्रमा सामाजिक वर्ग भनेको समाजभित्र वा समान धन इज्जत, शक्ति सम्पत्ति आम्दानी पेशा, अधिकार भएका व्यक्तिहरूको समुह हो । अर्को अर्थमा समान स्थिति भएका मानिसहरूको समग्रतालाई सामाजिक वर्ग भन्ने गरिनछ । अर्को अर्थमा वर्ग त्यस्तो सामाजिक अवधारणा हो जसले समाजभित्रबो एक समुहलार्य आर्थिक राजनैतिक सामाजिक आदिका आधारमा अर्को समुहलार्य पृथक गराउँदछ । जस्तै धनि गरि आधिकारिक वर्ग र अधिकार नभएका वर्गलाई सरल उदाहरणका रुपमा लिन सकिन्छ । मार्क्सवादि दृष्ट्रिकोणमा वर्गको प्रमुख आधार आर्थिक उत्पादनका साधन माथिको स्वामित्व जस्तो कि पूँजीपति वर्ग र मजदुर वर्ग त्यस्ते र यसले सामाजिक इज्जतालाई वर्गको प्रमुख आधार मान्दछ । एरिस्टोटलले वर्ग र समाजमा निर्णय गर्ने अधिकारलाई वर्गको प्रमुख आधार ठान्दछ । वर्ग भनेको गतिशील सामाजिक व्यवस्था तथा संरचनामा समान स्थिति र भूमिका योग्यता धन सम्पत्ति पेशा, धर्म आम्दानी शक्ति अधिकार शिक्षा स्वामित्वका आधारमा विभक्त मानिसहरूको एक तह हो जस्तै कृषक, शिक्षक, विद्यार्थी, धनि गरिव, आदि वर्ग शब्दले समाजभित्रको त्यस्तो समुहलाई देखाउँछ जुन अन्य समुहलाई आर्थिक तथा सामाजिक स्तरद्वारा विभक्त हुन्छ (रेग्मी, ) ।

### २.२.४ नीतिगत कारण

यो जातीय भेदभाव तथा छुवाछुतको कसूर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन हो । यसमा स्पष्ट रूपमा कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्न वा गराउन हुँदैन, यदि गरेमा जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ वमोजिम कसूर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ । यस ऐन वमोजिम प्राप्त भएको उजुरी सम्बन्धित प्रहरी कार्यालयले दर्ता नगरेमा वा प्रचलित कानुन वमोजिम आवश्यक कारवाही नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजुरी तोकिए वमोजिम राष्ट्रिय दलित आयोग वा स्थानीय निकायमा समेत गर्न सक्नेछ ।

**निजामति ऐन दोस्रो संसोधन २०६४**

निजामती ऐन २०६४ को दोस्रो संशोधन २०६४।०४।२३ मा निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंचालीस प्रतिशत पद छुट्याइ सो प्रतिशतलाई शतप्रतिशत मानी बाँकी मध्येमा दलितलाई ९ प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ ।

**जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन,२०६८**

**नेपालको संविधान २०७२**

नेपालको संविधान २०७२ को भाग २७ को धारा २५५ र २५६ ले नेपालमा एक राष्ट्रिय दलित आयोगको व्यवस्था गरेको छ । जुन आयोगलाई सवैधानिक मान्यता स्वरुप निर्माण गरिएको पाइन्छ । यस आयोगले दलितहरूका हक अधिकार र कर्तव्यका बारेमा स्पष्ट व्यवस्था गरेको छ । छुवाछुत तथा जातीय विभेद बिरुद्धको हकको बारेमा स्पष्टोक्ति दिइएको छ । जसमा मौलिक धारा ४० मा कुनैपनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए वमोजिमको क्षतिपूर्ति पाउनेछ । कुनै व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा सुविधा र उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा

प्रवेश वा धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन । कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा सुविधा वा वस्तु कुनै खास जात,जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नवाट रोक लगाउन वा त्यस्तो वस्तु सेवा वा सुविधा कुनै खास जातजातिको व्याक्तिलाई मात्र बिक्री वितरण गरिने छैन् । कुनै जातजाति वा उत्पत्तिका व्यक्तिहरूको समूहको उचनीच दर्शाउने, जातजातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातिय विभेदलाई कुनै पनि किसिमको प्रोत्साहन गर्न पाइने छैन । यसले के आशय दिन्छ भने व्यक्तिगत रूपमा दलितलाई विभेद गर्न पाईने छैन । नेपालको संविधान २०७२ ले मुलुकलाई जातीय छुवाछुत मुक्तको व्यवस्था गरेतापनि दलितहरू दिनहुँजसो जातीय छुवाछुत तथा भेदभाव भैरहनुले नेपालको संविधानको ठाडो उल्लङ्घन तथा चुनौति भएको भेटिन्छ ।

### मुलुकी ऐन अपराध संहिता २०७४

मुलुकी ऐनको भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसुरलाई जातिपातीको आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरेमा तीन वर्षसम्म कैद वा तीस हजारसम्म जरिवाना वा दुवै सजायँ हुन सक्नेछ भनि उल्लेख गरिएको छ ।

## २.३ पूर्व साहित्यको समीक्षा

यस शोध पत्र तयार गर्ने क्रममा विभिन्न लेखक, बुद्धिजिवी र संघ संस्थाहरूले गरेका क्रियाकलाप र पुस्तकहरूमा राखिएको धारणाहरूको अध्ययन गर्ने क्रममा गरिबी नै आर्थिक पक्षको मूल भएको कारण, दलित वर्गमा शिक्षाप्रतिको चासोमा कमी भएको हो भन्न सकिन्छ । गरिबी त्यो दशा हो, जसमा एउटा व्यक्तिको आयका कारण अनिश्चित न्यायको कारण आफ्नो जीवन स्तर उकास्न सक्दैन । जुन उसको शारीरिक तथा मानसिक दक्षताका लागि अनिवार्य छ । आफ्नो समाजको स्तर अनुसार उ र उसका परिवारका आश्रित सदस्यहरूलाई काम गर्नका लागि सक्षम बनाउन असमर्थ हुन्छ (अर्याल, २०११) ।

त्यसै गरी प्रसिद्ध समाजशास्त्री डेबिट (१९८७), ले आफ्नो पुस्तक Nepal a state of poverty मा नेपालको गरिबी र असमानताको मूल कारण बारे अध्ययन गरेका छन् । उक्त

पुस्तक आर्थिक र सामाजिक दृष्टिबाट लेखिएको छ । विद्यमान सामाजिक असमानता र आर्थिक विपन्नताको विश्लेषणात्मक आधारमा उनले परम्परागत कृषिमा आधारित अर्थ संरचना र सामाजिक संरचनाको मिश्रणलाई मुख्य कारण मानेका छन् । नेपालमा गरिबी र पछौटेपन बढ्नुमा उनको यो तर्क छ, सामाजिक भेदभाव र असमानताको जरो मौसमी र अन्य स्रोतको असन्तुलित वितरण प्राचीन स्वरूपको आर्थिक शोषण नै हो ।

त्यसै गरी राष्ट्रिय योजना आयोगले तयार पारेको National Dalit Strategy Report (2002) ले दलितको आर्थिक अवस्थाका बारेमा यस्तो धारणा राखेको पाइन्छ । नेपालमा सामान्यतया गरिबी जमिन माथिको अधिकारसँग जोडिएको छ । गरिबीको अर्को सूचक घरको आधार प्रकार पनि हो । अन्य स्रोतबाट प्राप्त हुने आयनिर्धनता र सम्पन्नता नाप्ने गरिबहरू हुन् ।


यसैगरी विष्ट (१९९५), को पुस्तक Ethinicity is Problem and Prospect मा यस देशमा सम्प्रदायिकताका सत्यलाई धेरै समयसम्म कम महत्वपूर्ण वा उल्लेखनीय मानेर व्यवस्था गर्ने अवस्था छैन । केही दशम अघिसम्म पनि यदाकदा प्राज्ञिक छलफल बाहेक अन्यत्र नउठाउने यो विषय आजको दिनमा व्यापक छलफल र चासोको विषय बनेको छ । विद्यमान आर्थिक शोषण र असमानता आन्तरिक द्वन्द्वका कारण बन्दै छ । यसरी विभिन्न विद्वानद्वारा लिखित रूपमा व्यक्त विचारबाट पनि जानकारी हुन्छ कि नेपालमा आर्थिक समानता र गरिबीका कारण अन्य वर्गका तुलनामा सदियौंदेखि दलित वर्गले पिछडिनु परेको छ । जसका फलस्वरूप उनीहरूको शैक्षिक उन्नतिमा पनि बाधा पुऱ्याएको पाइन्छ । हरेक अध्ययनका तहहरूमा भर्ना गर्ने क्रममा विभिन्न शैक्षिक संस्थाले चर्को भर्ना शुल्क र निःशुल्क भने पनि कुनै न कुनै बहानामा मासिक शुल्क उठाउने हुनाले दलितले उच्च शिक्षाका तहहरूमा प्रवेश हुनुबाट बञ्चित हुनुपर्ने बाध्यता भएको छ । फलस्वरूप आजसम्म आइपुग्दा पनि उल्लेख्य संख्यामा दलित छात्रछात्राहरूको शिक्षामा सहभागिता हुन नसकेको कारण गरिबी र आर्थिक अवस्था नै बढी जिम्मेबार हो भन्ने निष्कर्षमा पुगियो ।

शाहि (२०१७) का अनुसार, Nepalese Journal of Development and Rural Studies 14 ( 1 & 2), का हाल दलित समुदायको विकासक्रमलाई हेर्दा उनीहरूको आर्थिक अवस्था चेतनाको स्तर र उमेरले निकै नै प्रभाव पारेको पाइन्छ । आधुनिकरणको सिद्धान्त, विश्वव्यापीकरणको सिद्धान्त, सरकारी तवरबाट उनीहरूको सशक्तिकरणको लागि विभिन्न तहतप्कामा आरक्षणको व्यवस्था, आर्थिक स्वरुप वृद्ध भत्ता, एकल महिला भत्ता, बालबच्चाहरूको लागि

शैक्षिक भत्ता, पोषण भत्ता जस्ताले स्थानीय तहबाट नै यो समुदायको हरेक पक्षमा (जस्तो राजनैतिक, संघ संस्थामा आवद्धता, सरकारी निकायमा रोजगारीको व्यवस्था) वृद्धि विकास भएको छ ।

गौतम (२०७५) का अनुसार दलित समुदायमा परिवर्तन आउनुका कारणमा राजनीतिक चेतनाको विकास हुनु, जनआन्दोलनले पारेको प्रभाव, दलितलाई राहत हुने ऐन नियमको केही हदसम्म भए पनि प्रभाव परेको रहेको छ । सञ्चार माध्यम नयाँनयाँ कुराहरूको जानकारी गराउने साथै हातहातमा मोवाइल फोनको कारणले उनीहरूमा परिवर्तन आएको छ । घर नजिकै स्कुल क्याम्पसको सुविधा हुनु, घर नजिक पानीका धारा बन्नु, यातायातको सुविधा हुनु, सरकारले दशसम्म निःशुल्क शिक्षाका साथै छात्रवृत्तिको व्यवस्था गर्नु, भूमिहिन दलितहरूलाई निःशुल्क आवास र जग्गाको व्यवस्था गर्ने राज्यको नीति हुनु, सरकारी गैरसरकारी संघसंस्थाका कार्यक्रम र तालिम, भ्रमण गोष्ठीले जनचेतनाको विकास हुनु, वैदेशिक रोजगार, वचत गर्ने वानीको विकास जस्ता कुराहरूले गर्दा दलितहरूको सामाजिक, साँस्कृतिक, आर्थिक साथसाथै शिक्षामा पहुँच बढ्दै गएको छ ।

## २.४ अवधारणागत खाका




उक्त अवधारणागत खाका अन्तर्गत यस शोध अध्ययनमा दलित समुदायकाको सामाजिक सास्कृतिक परिवर्तनका पक्षहरू जस्तै सामाजिक पक्षमा सामाजिक कार्यहरू जस्तै विवाह, भोज, मर्दापर्दामा सहभागीता सम्बन्धी, माथिल्लो जातहरूलाई छुदा छोइछिटो राख्ने,

सभासमारोहमा सहभागी, सामाजिक हैसियत र दलितमहिलाहरूसँग बोल्दा प्रयोग हुने शब्दहरूको अध्ययन गरिनेछ । साथै साँस्कृतिक पक्षहरूमा दलित या गैर दलितहरूको संस्कारगत कार्यहरू लगायत जन्ती मलामी, तीर्थव्रत र पूजाआजामा दलितहरूलाई गरिने व्यवहार हिड्दा डुल्दा साइत पर्दैन भन्ने मान्यतामा परिवर्तन सम्बन्धी अध्ययन गरिएको छ ।

# अध्याय तीन

# **अनुसन्धान पद्धति**

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

नेपालको गण्डकी प्रदेश, कास्की जिल्ला अन्तर्गत पर्ने पोखरा महानगरपालिका वडा नं. ११ काहुँ क्षेत्रका दलित टोललाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ । जुन टोल दलितहरूको बाहुल्यता रहेको टोल हो । विशेषगरी यहाँका १०० घरधुरी ६० घरधुरी बस्येरी र ४० घरधुरी पाडेथोकमा बसोवास गरेका दलित समुदाहरू मध्ये दलितहरू मध्ये ५० प्रतिशतले हुन आउने बस्येरीका ३० घरधुरी र पाडेथोकका २० गरी जम्मा ५० घरधुरीको सामाजिक अवस्थाको विश्लेषण गरिएको छ । दलितहरूको शैक्षिक, आर्थिक अवस्था, उनीहरूको चेतनाका स्तर धेरै पछाडि रहेको छ भन्ने मान्यता रहेतापनि यी अवस्थामा हाल उनीहरूको कस्तो अवस्था छ ? सामाजिक सशक्तीकरणको अवस्थालाई हेर्नको लागि नै यो क्षेत्र छनोट गरिएको हो । यहाँका दलितहरूको मुख्य पेसा कृषि, ज्यालामजदुरी र पशुपालन रहेपनि पछिल्लो समयमा बैदेशिक रोजगार, एवम्र शिक्षाका कारण साथै विभिन्न संघ संस्थाहरूले सहयोग गरी सामाजिक, आर्थिक सशक्तीकरण भएको छ । उनीहरूको वारेमा शैक्षिक उपाधी हासिल गर्ने उद्देश्यले अहिलेसम्म कुनै अनुसन्धान भएको छैन सो उपाधी हासिल गर्नका लागि यो अध्ययन क्षेत्र छनोट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

दलितहरूको सामाजिक अवस्था विश्लेषण गर्नका लागि प्रस्तुत शोधपत्र प्राथमिक तथ्याङ्क संकलनबाट समस्याको अनुसन्धान ढाँचाको गहिराइसम्म पुगेर निष्कर्ष निकाल्नको लागी अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिनेछ । व्यक्तिगत अध्ययनलाई व्याख्या गर्न विश्लेषणात्मक तथा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ ।

## ३.३ समग्र नमुना छनोट विधि

प्रस्तुत शोध अध्ययन क्षेत्रका दलित समुदायहरू मध्ये दमाई, कामी सार्की जाति नै यस क्षेत्रमा बसोबास गर्दछन् । दलित टोलवासीका कूल १०० घरधुरी मध्ये ५० प्रतिशतले हुन आउने ५० घरधुरीका घरमुली दलितहरूलाई स्याप्लिङ, नमुना छनोट विधिबाट घरमुली दलितहरू मात्र छनोट गरिएको छ ।

## ३.४ तथ्यांकको प्रकृति र स्रोतहरू

यस अध्ययनमा प्राथमिक र द्धितीय स्रोतवाट तथ्याङ्क र सूचनाहरू संकलन गरिनेछ । आवश्यकतानुसार सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क संकलन गरिने छ । मुख्य रूपमा प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्नका लागि व्यक्तिगत अध्ययन, अवलोकन र मुख्य सूचना दाताहरूसंग सूचना संकलन, लक्षित समुह छलफल विधि अपनाईने छ भने द्धितीय स्रोत अन्तर्गत अध्ययनसँग सम्बन्धित विभिन्न लेख, रचना, जर्नल, पुस्तक तथा अन्य सम्वन्धित कुराहरूको सहयोग लिइएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्क संकलन विधि

तथ्याङ्क संकलन विधि छनोट गर्दा शोधपत्रको विषय प्रकृति र उद्देश्यलाई ख्याल गर्दै समय स्रोत र साधनलाई मध्यनजर गरी वश्वसनीय तथ्याङ्क तथा सूचना संकलनमा विशेष जोड दिइनेछ । अध्ययनको उत्कृष्ट परिणामका लागि अध्ययनमा अपनाइएको तथ्याङ्क संकलन गर्ने भएकोले तथ्याङ्क संकलनको लागि सही तथ्याङ्क छनोट विधि अति आवश्यक छ । तसर्थ यस विषयको अध्ययनका लागी आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका दिदीबहिनीहरूलाई भेटी उनीहरूँग आत्मीयताको वातावरण कायम गरी अध्ययनलाई अगाडि बढाउने प्रयास गरिइएका छ । तथ्याङ्क संकलनको लागी अध्ययन क्षेत्रमा गएर प्रत्यक्ष भेटघाट गरी आवश्यकतानुसार व्यक्तिगत अध्ययन,अवलोकन र मुख्य सुचनादाता विधिको प्रयोग गरी तथ्याङ्कहरू संकलन गरिएको छ ।

### क) अर्न्तवार्ता अनुसूची

यस अध्ययनमा शोधकर्ता स्वयं अध्ययन क्षेत्र मै उपस्थित त्यहाँका दलितहरूसँग प्रत्यक्ष रुपबाट उनीहरूसँग आफ्नो उद्देश्य अनुरुपको प्रश्नहरू सोधी उनीहरूबाट तथ्याङ्क

लिइएको छ । उनीहरूको बोलीचाली र व्यवहारमा के कस्तो परिवर्तन आएको छ ? उनीहरूलाई समाजमा गरिने व्यवहारहरू, सामाजिक, आर्थिक एवम् शैक्षिक अवस्थाको बारेमा तथ्याङ्क लिइएको छ ।

### ख) वैयक्तिक अध्ययन विधि

अध्ययन क्षेत्रका उत्तरदाताहरूको सामाजिक स्थितिमा आएको सुधार, विभिन्न संघसंस्थाले उपलव्ध गराएका कार्यक्रमहरूबाट उनीहरूको जनचेतनामा आएको परिवर्तन, सामजिक संरचनामा आएको परिवर्तन, नेतृत्व क्षमतामा आएको परिवर्तन, राजनीतिक चेतनामा आएको परिवर्तन, आर्थिक अवस्थामा आएको परिवर्तन, लवाइखवाई, बोलीचाली र सामाजिक हैसियतमा आएको परिवर्तन, छुवाछुतको अवस्था जस्ता कुराहरूको वास्वविकता पत्ता लगाउनको १०० दलित घरधुरीमध्ये उद्देश्यमूलक नमूना छनोट विधिबाट ५० घरधुरीका घरमुली दलितहरूको अध्ययन गरिएको छ । जसमा यसरी अध्ययन गर्ने क्रममा दलित समुदायका घरदैलो गर्नुका साथै उनीहरूसँग प्रत्यक्ष भेटवार्ता गरी आवश्यक सम्पूर्ण सूचना संकलन गरी उनीहरूमा आएको परिवर्तन र मिलेका सफलता र सन्तुष्टिहरू र भावी सोचहरूको वारेमा जानकारी लिने प्रयास गरिएको छ ।

## ३.६ अध्ययनको विश्लेषण र प्रस्तुतीकरण

माथि उल्लिखत विभिन्न विधि, श्रोत सहित अध्ययन गरिएका दलितको अर्न्तवार्ता अनुसूचि, अवलोकन, मुख्य सूचनादाता साथसाथै द्वितीय तथ्याङ्क विधिबाट प्राप्त भएका कोरा तथ्याङ्लाई संकलन गरी वर्गीकरण, तालिकीकरण गरी व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# दलितहरुको जनसाङ्ख्यिक विवरण

## ४.१ अध्ययन क्षेत्रको परिचय

गण्डकी प्रदेश कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. ११ अर्न्तगत काहुँमा लाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । पोखरा, काठमाण्डौ र विराटनगरपछिको ठुलो शहर हो । पोखरा नगरी पर्यटनको प्रचुर सम्भावना बोकेको पर्यटकीय शहर हो । यस शहर पदयात्राको प्रवेशद्वारको रूपमा समेत प्रख्यात छ । पोखराबाट देखिने माछापुच्छ्रे, धौलागिरी र अन्नपूर्ण हिमश्रृङ्खला हेर्नका लागि आन्तरिक तथा बाह्य पर्यटकको यहाँ घुइँचो लाग्ने गर्दछ । पोखरा देखि पूर्वी उत्तरभागमा रहेको काहुँमा अवस्थित धरहरामा पुगी पोखराको मनोरम दृश्य हेर्नको लागि आन्तरिक बाह्य पर्यटकहरूको घुइचो नै लाग्छ । आजकल वर्षैपिच्छे यस क्षेत्रमा काहुँ धरहरा महोत्सव सम्पन्न गरी यस क्षेत्रलाई अझ बढी चिनाउने काम पनि गरिएको छ । देशका विभिन्न भागमा बसोबासीत दलित जस्तै यस क्षेत्रमा पनि दलित समुदायहरूको बासस्थान उल्लेखनीय रुपमा रहेको छ ।

## ४.२ जनसाङ्ख्यिक विवरण

पर्यटकीय वडाको रुपमा परिचित पोखरा महानगपालिकाको यस वडामा विभिन्न जातजातिहरू बसोबास गरेका छन् । व्यापक शहरीकरणको कारण फुलबारीको समतल जमिनमा बाहिरबाट बसाईसराई गरी आउनेको चाप बढी रहेको छ । सरकारको उदासिनता र क्षणिक पैसाको प्रलोभनमा यहाँको जेठोबुडो, पँहेले, झिनुवा धान झुल्ने फाटहरू खण्डिकरण या प्लटिङको मारमा मरुभूमिकरण भई जनसंख्यामा उल्लेखनीय वृद्धि भएको छ भने काहुँ डाडामा अवस्थित पुरातात्विक रुपमा रहेको धराहरा र यसबाट पोखरा अनि फेवातालको मनोरम दृश्यले पनि यहाँको जनघनत्व बढी नै छ । महानगरपालिकाको तथ्याङ्क अनुसार यस क्षेत्रमा बसोबास गर्ने जातजातिहरूको विवरण र उनीहरूको जनसंख्या तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.१ : काहुँमा अवस्थित जातजातिहरूको जनसाङ्ख्यिक विवरण**

| जातिय विवरण | जम्मा संख्या | महिला | पुरुष |
|---|---|---|---|
| जम्मा विवरण | २३७८ | १११९ | १२५९ |
| ब्राह्मण | १३०९ | ६०२ | ७०७ |
| क्षेत्री | ५४५ | २५३ | २९२ |
| कामी | १७१ | ८५ | ८६ |
| दमाई | १५२ | ८१ | ७१ |
| घर्ती/भुजेल | ५० | १९ | ३१ |
| ठकुरी | ३९ | २२ | १७ |
| गुरुङ | ३९ | २० | १९ |
| मगर | २९ | १६ | १३ |
| नेवार | १८ | १० | ८ |
| तामाङ | ११ | ६ | ५ |
| अन्य | १५ | ५ | १० |

स्रोतः पोखरा महानगरपालिका तथ्याङ्क विभाग ।

तालिका ४.१ अनुसार अध्ययन क्षेत्र काहुं स्थित कूल जनसंख्या २३७८ मा महिला १११९ र पुरुष १२५९ रहेका छन् । क्षेत्रीहरु ५४५ मा २५३ महिला र ७०७ पुरुष रहेको छन् । दलितहरुमा जम्मा कामीको कुल जनसंख्या १७१ मा ८५ महिला र ८६ पुरुष, त्यस्तैगरी दमाई कूल १५२ मा ८१ महिला, ७१ पुरुष रहेको पाइयो । त्यस्तैगरी घर्ती भूजेल ५० जना, ठकुरी ३९ जना, गुरुङ ३९ जना, मगर २९ जना, नेवार १८ जना, तामाङ ११ जना र अन्यमा १५ जना रहेका पाइयो ।

### ४.२.१ लिङ्गको आधारमा उत्तरदाताको विवरण

अध्ययन क्षेत्र समग्र पो.म.न.पा. वडा नं. ११ स्थित काहुँमा बसोबास गर्ने दलित समुदायको लैङ्गिक आधारमा निम्न तालिका अनुसार रहेको पाइयो ।

**तालिका ४.२ : दउत्तरदाताको लैङ्गिक विवरण**

| विवरण | कुल सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| महिला | २७ | ५४ |
| पुरुष | २३ | ४६ |
| **जम्मा** | **५०** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण २०७६ ।*

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने उक्त बस्तीमा रहेका छनौटमा परेका कुल ५० जना घरधुरीका घरमुली उत्तरदाता मध्ये २७ जना महिला अर्थात् ५४ प्रतिशत साथै पुरुष २३ जना अर्थात् ४६ प्रतिशत उत्तरदाता घरमुली रहेको पाइयो ।

## ४.२.२ उत्तरदाताको परिवारको विवरण

अध्ययन क्षेत्र समग्र पो.म.न.पा. वडा नं. ११ स्थित काहुँमा बसोबास गर्ने दलित जातिको परिवारको किसिमलाई हेर्दा दुई किसिमको पाइन्छ । जसको विवरण तलको तालिकाबाट स्पष्ट देखाइएको छ ।

**तालिका ४.३: उत्तरदाताको पारिवारिक विवरण**

| विवरण | कुल सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| *एकल परिवार | ३० | ६० |
| *संयुक्त परिवार | २० | ४० |
| **जम्मा** | **५०** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण २०७६ ।*

*संयुक्त परिवारः यस शोध अध्ययनमा बाजे बज्यै, बाबाआमा, छोराछोरीलाई जनाउँछ ।
*एकल परिवारः बाबाआमा र छोराछोरीलाई जनाउँछ ।

तालिका ४.२ अनुसार शोध अध्ययनको लागि लिइएका कुल ५० जना उत्तरदाता मध्ये एकल परिवार भएका ३० जना अर्थात् ६० प्रतिशत र संयुक्त परिवार २० जना अर्थात् ४० प्रतिशत रहेको पाइयो । उक्त अध्ययनबाट अध्ययन क्षेत्र काहुँमा अवस्थित एकल परिवार भएका उत्तरदाताहरू बढी रहेको पाइयो ।

### ४.२.३ उत्तरदाताको शैक्षिक विवरण

अध्ययन क्षेत्रका दलितहरू विशेषगरी यहाँका ब्राह्मण क्षेत्री समुदायहरूकै सामिप्यतामा रही पारम्परिक रुपबाट वार्षिक रुपमा ज्याला मुजुरी लिनेगरी कृषि कार्यको लागि चाहिने औजारहरू (हसिया, कोदालो, हलो, जुवा, हल्लुडो, ) बनाउने, सुनको काम गर्ने, हलो जोत्ने, सिलाई बुनाई गर्ने कार्यमा संलग्न रहेतापनि शिक्षाको विस्तार, सरकारले ल्याएका विभिन्न आरक्षणका कोटाहरू र बैदेशिक रोजगारले गर्दा पहिलेको तुलनामा अहिले उनीहरूको शिक्षामा उल्लेखनीय रुपबाट वृद्धि भएको छ। उनीहरूको शिक्षाको अवस्था सम्बन्धी तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ।

**तालिका ४.४: उत्तरदाताका शैक्षिक विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| एस.ई.ई. भन्दा कम | १९ | ३८ |
| एस.ई.ई. पास गर्ने | १२ | २४ |
| +२ पास गर्ने | १५ | ३० |
| उच्च शिक्षा पास गर्ने | ४ | ८ |
| **जम्मा** | **५०** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६।*

तालिका ४.३ अनुसार कुल उत्तरदाता ५० जना मध्ये एस.ई.ई भन्दा कम अध्ययन गर्ने उत्तरदाताहरू सबै भन्दा बढी १९ जना अर्थात ३८ प्रतिशत रहेका छन्। त्यस्तैगरी एस.ई.ई पास गर्ने १२ जना अर्थात २४ प्रतिशत, +२ पास गर्ने १५ जना अर्थात् ३० प्रतिशत, उच्च शिक्षा पास गर्ने ४ जना अर्थात् ८ प्रतिशत रहेको पाइन्छ। समग्रमा हेर्दा एस.ई.ई. भन्दा कम पढेका अर्थात् साक्षर मात्र रहेका बढी संख्या र उच्च शिक्षा हासिल गर्ने संख्या अती न्यून रहेको पाइयो।

### ४.२.४ उत्तरदाताको धार्मिक विवरण

प्रत्येक कालखण्ड र समाजमा रहेका मानिसहरूले धर्मलाई जीवनको एउटा महत्वपूर्ण अङ्ग मान्दै आएका छन्। प्रत्येक धर्मले इश्वरीय शक्तिमाथि आध्यात्मिक विश्वास राखेका हुन्छन्।

सामाजिक धार्मिक मूल्य, मान्यता र व्यवहारले नै मानिसहरूको व्यवहारलाई नियन्त्रण र निर्देशन गर्ने भएकाले समाजमा धर्मको महत्व रहेको छ । अध्ययन क्षेत्रका उत्तरदाताहरूको धार्मिक आस्था निम्न तालिकाबाट देखाइएको छ ।

**तालिका ४.५ : उत्तरदाताको धार्मिक विवरण**

| धर्म विवरण | जनसख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ४० | ८० |
| इसाई | १० | २० |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६ ।*

यस तालिका अनुसार दलित जातिहरूको धार्मिक अवस्था अध्ययन गर्दा धेरै जसो ४० जना अर्थात् ८० प्रतिशत घरमुलीहरूले हिन्दु धर्म नै मान्दै आएको पाइयो । १० जना अर्थात् २० प्रतिशत उत्तरदाताहरू भने परम्परादेखि ईसाई नभएका ग्रैह दलितहरूको हेपाह प्रवृद्धि, छुवाछुत, सामाजि विभेदको कारण इसाई धर्म अगालेको पाइयो ।

## ४.२.५ उत्तरदाताको जन्मदेखि मुत्युसम्मका संस्कारहरू

प्रत्यक्ष रुपमा अध्ययन क्षेत्रका उत्तरदाताहरूसग भेट गरी दलित समुदायको जन्मदेखि मृत्युसम्मका संस्कारहरूको जानकारी माग्दा सामिप्यका ब्राह्मण क्षेत्रीहरूको संस्कार अनुसार नै गर्ने गरेको ५० जना उत्तरदाताले विवरण दिए । मुख्य रुपमा गरिने संस्कार मध्ये न्वारन, छैटौ, भात खुवाई, ब्रतबन्द, विवाह, काजक्रिया नै मुख्य रहेको पाइयो ।

### भेषभूषा

दलितहरू आफ्नो भेषभुषाको लगाउने क्रममा मैला, पूराना, टालेका कपडा लगाउनु उनहिरूको बाध्यता हो । अरुले दिएको जडौरी कपडा लगाउने पनि भेटिन्छ । विवाह, ब्रतबन्ध एंव विधिन्न चाडपर्वहरूमा दौरासुरुवाल, कोट पनि लगाउदछन् । महिलाहरू गुन्यू, चोलो र मजेत्रो ओड्दछन् । फुर्सदको समयमा माइती/मावल एवं जात्रा उत्सवमा सर्ट पाइन्ट, कोट, गुन्यू, चोलो लगाई चिटिक्क परेर हिड्दछन् । पुराना पुस्ताहरूका पुरुष, महिलाहरू क्रमश : कछाड, धोती, टोपी, गुन्यू, चोलो र मजेत्रो ओड्ने यदाकता भेटिन्छन्

भने नयाँ पुस्ताका युवा, युवती तथा केटाकेटीहरू सर्ट, पाइन्ट कुर्ता सुरुवाल आदि पहिरनमा देखिन्छन् । यसै जातिभित्रका सम्पन्न परिवारका महिला पुरुषले  सुनका गरगहना लगाएको पनि पाइन्छ भने विपन्न परिवारका महिलाले कमसल धातुको गहना लगाएको भेटिन्छ । आजभोलि पुराना गहना जस्तै कल्ली, वाला, ढुग्री, बलाँकी आदी कमै देख्न पाइन्छ ।

यस जातिले आफ्ना परम्परागत भेषभूषा र आभूषणलाई बिस्तारै बिस्तारै छाड्दै अन्य जातिले झैं आधुनिक पहिरन सर्ट, पाइन्ट दौरासुरुवाल, कोट, साडी र ब्याउज, पछ्योउरी प्रयोग गर्न थालेका छन् । यिनीहरूको पोसाक उनीहरूको जातिय पहिचान दिने खालको नभएकाले पनि वर्तमान समयमा उनीहरूको पहिचान/भेषभूषाहरू लोप हुँदै गइरहेका छन् ।

## खानपान

दलितहरूको मुख्य खाना अन्य जातिहरूको जस्तै दाल, भात, तरकारी नै हो । दाल, भात, तरकारी, अचार, माछा, मासु, जाँडरक्सी दलित जातिहरूको उत्सवमा खाने विशेष खाना हुन् । यिनीहरूको भान्सामा प्रायः एकसरो खाना (भात, तरकारी, ढिडो, मकै) पाक्दछ । ज्याला मजदूरी गर्न जाँदा अबेर हुने हुनाले पनि गाई/भौसी कमै पाल्ने भएकाले दूध, ध्यू, दही र मोही विरलै खान्छन् ।

चाडपर्वमा बोका, राँगा सुगुँरको मासुका साथै कहिलेकाहीँ जाड खाने गर्दछन् । विशेष गरी परिवारमा ज्वाँइ, भान्जा, इष्टमित्र तथा पाहुना आँउदा रक्सी र मासु खान दिई स्वागत गर्ने प्रचलन रहेको छ ।

विश्वमा देखिएको आधुनिकीकरणको प्रभावसँगै हाम्रो कट्टर हिन्दूवादी समाजमा बिस्तारै बिस्तारै खुकुलोपना आएको आभास हुन्छ । यस स्थितिलाई अध्यात्मवादीहरूले कलियुगको संकेत र केही परम्परागत रुढिवादी सोच कायमै राख्नेहरूले सामाजिक अनुशासमा विकृतिको प्रवेश तथा पलायन भनेर भन्ने गरेको पनि सुनिन्छ । यस सवालमा जस्तोसुकै विचारधारा आए पनि मानविय सहअस्तित्वको पक्षबाट सामाजिक सम्मानपूर्वक खान पिउन सक्ने वातावरणलाई सकारात्मक मान्नुपर्छ । यस अध्ययन क्षेत्रका दलितहरूसँग स्वतस्फुर्त ( खुल्ला) रुपले दलितहरूको घरमा खाना खाने गैह्र दलितको सङ्ख्या नगण्य भेटिन्छ भने

लुकिछिपी खानेको संख्या अलि बढि देखिन्छ । त्यस्तै दलितले छोएको नखानेको संख्या न्यून भेटिन्छ ।

स्थलगत सर्वेक्षण अनुसार कतिपय गैह्र दलितहरूले परम्परागत संस्कार अनुसार पुराना पुस्ताहरूले दलितसँगै बसेर नखाने भेटियो । बढी मात्रामा दलितका घरहरूमा लुकिछिपी खाने संख्या भने धेरैनै रहेको स्थलगत अध्ययन क्षेत्रका दलितहरू बताउँछन् । खानेबानी गर्दा गर्दै पनि संकिर्ण बिचारले गर्दा उनीहरू हाकाहाकी खादैंनन् र समाजमा आफ्नो खोक्रो आडम्बर अथवा उच्च जातिको रवाफ देखाँउछन् भने हाकाहाकी खानेको संख्या न्यून रहेको छ । त्यसमा पनि सहभोज गर्नेमा युवा बढी नै रहेको भेटियो । उत्तरदाताकाअनुसार यो क्रम पहिलेको तुलनामा बढ्दै गइरहेको छ ।

## रहनसहन

सुरक्षात्मक दृष्टिले  प्रायः आफ्नो जातिसँग बस्न चाहन्छन् । ढुङ्गाको गाह्रो र खरको दुई पाखे छाना भएको सामान्य घरहरूमा गुजारा चलाउँदछन् । यिनीहरूको आयस्तर कमजोर भएकाले व्यवस्थित ढँगले आवासीय प्रबन्ध मिलाइएको छैन् भने कतिपय घरहरू ढुङ्गाको गाह्रो र जस्ता (टिन) को दुई पाखेछाना भएका घरहरू रहेका छन् । यिनीहरूको गोठ, धन्सार, बैठककोठा, शौचालय आदि व्यवस्थित गरेको देखिदैन । अधिकाँश घरमा ओढ्ने, ओछयाउने कपडाको राम्रो बन्दोबस्त भएको पाईंदैन । लुगाफाटाको नाउँमा साधारण थाङ्नना थराले चलाएका देखिन्छन् । भाँडा वर्तनमा पनि सिलौटाका कसौंडी, डेक्ची, थाल, कचौंरा, फलामे दिउरी, माटे कराई, सिलौटको गाग्री तथा प्लास्टीकको जर्किन जस्ता साधारण भाडाहरू प्रयोग गर्दछन् । यसरी आर्थिक विपन्नता र शिक्षाको कमीको कारण उनीहरू अन्धविश्वासमा विश्वास राख्दछन् । समाजमा केहि सदस्य बिरामी परेमा पहिले धामीझक्रीसँग जाने गर्दछन् भने केहि शिक्षित र आयस्रोत तुलनात्मक रुपले बढि भएकाहरूमा भने उल्लेखित रहनसहन भन्दा केहि सुधार देखिन्छ ।

यस्तै कृषि पेशाका रुपामा रहेकाले आफ्नो थोरै जग्गामा पनि मौसम अनुसारका खेतिपाति लगाउने, गोड्ने र भित्र्याउने कार्यमा पर्म लगाउने गर्दछन् भने बाकी समय खेतिकिसान एवं अन्य कामका लागि ज्यालाका काम गर्ने गर्दछन् । यसरी हुने आम्दानीबाट घरव्यवहार चलाउने गरेको देखिन्छ । दलित र गैह्र दलित समाजका सामाजिक क्रियाकलापमा सबै

क्रियाकलाप खुल्ला रुपमा सञ्चालन नगरे पनि आपसी लेनदेन सुख दुःख मेलापातसँगै गर्ने थालेको पाइन्छ । त्यसैले यो क्रमशः बढदै गएको देखिन्छ ।

### ४.२.६ उत्तरदाताको घरको बनावट र ढाँचा

अध्ययन क्षेत्रका दलितहरूको स्थानीय नभै सबै बसाईसराई आएका हुनाले उनीहरूको घरको प्रकारमा प्रायः पक्की नै पाइएको छ । जुन तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.६ :दलित जातिको घरको अवस्था**

| घरको विवरण | घर संख्या | प्रतिशत |
|---|---|---|
| *पक्की घर संख्या | २९ | ५८ |
| *कच्ची घर संख्या | २१ | ४२ |
| **जम्मा** | **५०** | **१००** |

*स्रोतः स्थलगत घरधुरी सर्भेक्षण, २०७६ ।*

* पक्की घर भन्नाले रड, सिमेन्ट कंक्रिट र बालुवाको उचित भाग मिलाई निर्मित ।

* कच्ची घर भन्नाले ढुङ्गा, माटो र काठ प्रयोग गरी टिन या खरको छानाबाट निर्मित ।

माथिको तालिका अनुसार दलितहरूको घरको अवस्थालाई हेर्दा छनौटमा परेका कूल उत्तरदाता ५० घरधुरी मध्ये २९ जना अर्थात् ५८ प्रतिशतको पक्की घर रहेको र २१ जना अर्थात् ४२ प्रतिशतको कच्ची अवस्थामा रहेको पाइन्छ । केही दलितहरूका घरहरू आधुनिक र पक्की रहेको पाइयो ।

# अध्याय पाँच

# दलितहरूको सामाजिक, आर्थिक र शैक्षिक अवस्था

## ५.१ सामाजिक अवस्था

समयको परिवर्तनसँगै अध्ययन क्षेत्रमा पनि सामाजिक अवस्था सम्बन्धमा पहिला यहाँका दलितहरू धैरै पिछडिएर रहेका विगद डेढ दशक देखि यता बैदेशिक रोजगार र जनचेतना एवम् सरकारको दलित सम्बन्धी हेर्ने दृष्टिकोण एवम् आरक्षणको व्यवस्थाले उनीहरूको सामाजिक अवस्था मजबुत बन्न पुगेको अध्ययन क्षेत्रका उत्तरदाताहरू बताउँछन् ।

**वैयक्तिक अध्ययन चतुरे परियार (परिवर्तीत नाम) का अनुसारः**

*मेरो नाम चतुरे परियार हो (नाम परिवर्तित) मेरो उमेर ६० वर्ष भयो । हाम्रो समुदाय विशेष गरी ठुलोबडाको बाहुन क्षेत्रीको ज्याला मजदुरी गर्ने गरिन्थ्यो । हाम्रा जिजु बराजुको पालाबाट नै हामी ले उनीहरूकै मजबुरी गर्दै आयो । हामी दलितहरूमा पनि परम्परादेखि नै विभेद रहेको पाइन्छ । हामी हामीमा पनि उचनिच छ । खानपानमा पनि हाम्रा जिजुबराजुहरूले मरेको सिनो खाने, लैना बाहुनका भैसीका लैना पाडा खाने । सुगर, कुखुराहरू फोहरी गरी पाल्ने त्यही खाने गर्दा अलि हाम्रो समाजलाई हेर्ने दृष्टिकोण फरक भयो । अहिले त्यस्तो छैन । सरकारी तवरबाट पनि अहिले हाम्रो समाजलाई विभिन्न उजागरका योजनाहरू ल्याएका छन् । विभिन्न समुहमा आवद्ध गर्नुपर्ने बाध्यता पनि बनाएका छन् । सरकारी जागिरमा आरक्षण पनि पाइएको छ । हाम्रा छोराछोरीलाई पोषण खानेकुरा खान, पढ्नको लागि आर्थिक, पोशाकहरू सरकारले उपलब्ध गराएको छ । गैह्र दलितहरूलाई भन्दा पनि हामीहरूलाई कमै उमेरमा जेष्ठ नागरिक भत्ता, विधवा भत्ता उपलब्ध गराएको छ । यसकारणले गर्दा पनि अहिले हाम्रो सामाजिक अवस्था राम्रो हुँदै गएको छ । पहिलेको जस्तो भेदभाव पनि गर्दैनन् । मेलापाता, समुहमा, सहकारीका जस्ता संस्थाहरूमा जादा हामीलाई त्यस्तो छोइछिटो गर्ने भेदभाव गर्ने हुँदैन । केही रुपमा उनीहरूको घरमा सिधै भित्र लैजाने भित्रै बस्ने जस्ता कार्यहरू भने अझै हुन सकेका छैनन् । तर पनि हाम्रा जिजुबाजेको पालाको तुलनामा हाम्रो पनि समाजमा छुट्टै प्रतिष्टा रहँदै*

*आएको छ । बाबु बराजुले गरेको मजदुरी हलो जोत्ने, घर बनाउने बाहुन क्षेत्रीको सिलाई बुनाई, आरन कार्यबाट बाली खाने जस्ता हटिसकेको छ । उनीहरू अहिले आफ्नो काम आफै गर्छन् । हाल बैदेशिक रोजगारको लागि साउदी कतार अरब, मलेसिया खेलेपछि र पछिल्लो समयमा कोरियामा हाम्रा छोराछोरी जान थालेपछि अहिले बाहुनको भन्दा हाम्रो आम्दानी मनग्य भएको छ । आर्थिकतामा पहिलेको तुलनामा बढी मजबुत छौं । पहिला पहिला हाम्रा बाजेहरूले हामीहरूलाई स्कुल पठाउनु भएन । आफूसँगै काममा लानु भयो । हामीहरूलाई पढ्नुपर्छ भन्ने चेतना माथिल्लो बर्गका भनाउँदाहरूले पनि कहिल्यै चेष्टा गरेनन । हामी अशिक्षित नै रहेपनि अहिले हाम्रा बालबच्चाहरू, नातिनातिनाहरू उच्च शिक्षा सम्म हासिल गरेका छन् ।*

### ५.१.१ सामाजिक हैसियतमा आएको परिवर्तन

मानिस सामाजिक प्राणी भएका नाताले पनि ऊ समाजमा बस्छ र समाजका हरेक क्रियाकलापमा सरिक हुन्छ । केही समय पहिला यहाँका दलितहरूको सामाजिक हैसियतलाई हेर्दा उनीहरू धेरै पछाडि भएको पाइएको छ । समयको परिवर्तनसँगै जनचेतना, राजनीतिक चेतना जस्ता कुराहरूमा परिवर्तन आएको पाइएको छ । पहिला उनीहरू ज्यालामजदुरीमा मात्र सिमित हुन्थे । खानपान र बोलीभाषामा पनि कमजोरी थियो । आवाज उठाउन सक्ने उनीहरूको क्षमता थिएन त्यसैले दबिएर नै बस्थे । अहिले उनीहरूको सामाजिक हैसियतमा भने धेरै परिवर्तन आएको छ । सामाजिक कार्यहरूमा उनीहरूलाई सहभागी गराउँछन् । स्थानीय समूह र समितिमा पनि सहभागी गराउँदै आएका छन् । यहाँका दलितहरू धेरै सक्रिय भएर अगाडि बढिरहेको अवस्था छ । समाजका कुरीति र कुसंस्कारका बिरुद्ध उनीहरू सधैं लडिरहन्छन् त्यसैले पनि उनीहरूले समाजमा आफ्नो हैसियत कायम गर्न सफल भएका छन् । सार्वजनिक कार्यहरूमा गैरदलितले पनि उनीहरूलाई साथ दिन्छन् । समाजमा भद्र भलाद्मी हुने ठाउँमा पनि उनीहरू सहभागी हुन्छन् । सार्वजनिक स्थलमा पहिलाको जस्तो विभेद हुँदैन यिनीहरू पनि समाजका अभिन्न अङ्ग हुन त्यसैले आत्मसम्मानपूर्ण वातावरणमा जिउन पाउनुपर्छ भन्ने चेतना गैरदलितहरूमा आएको छ ।

**व्यक्तिगत अध्ययन गिता वि.क. (नाम परिवर्तीत) का अनुसारः**

*मेरो नाम गिता वि.क. (नाम परिवर्तीत) हो । म ४५ वर्षको उमेर भयो । मेरो १७ वर्षमै मागी विवाह भएको हो । हाल मेरा ३ छोरी १ छोरा छन् । हामी दलित परिवारमा हुर्केका हुनाले हामीलाई पहिला-पहिला साऱ्है नै हेयको दृष्टिकोणले हरिन्थ्यो । मेलामा जाँदा आफूभन्दा सानाले पनि तँ, तिमी भनेर वोलाउँथे त्यो वेला म केही वोल्न सक्लैनथे जव म समुहमा वसे त्यसपछि २।४ कुरा वोल्न सक्ने भए अहिले भने तपाई भनेर वोलाउँछन् । मलाई वोल्न सक्ने वनाउने समुहका मेरा गैर दलित प्यारा दिदि वहिनीहरू हुन् । पहिला म स्वयंसेविकाको तालिममा जाँदा, वुद्धिजीविको वैठकमा जाँदा खाजा खाने वेलामा वडा अध्यक्षले नै मलाई तिमी एक जना उठे त भैहाल्यो नि हामी धेरै जना उठ्न भन्दा भनेर उठाउनु भएको थियो । अहिले भने केही कमी आएको छ  गैर दलितहरू पनि जात केही होइन तिमीहरूलाई माथि उठाउनु हाम्रो दायित्व हो भनेर हामीलाई हौसला दिन्छन् उनीहरूलाई म सधै स्मरण गर्न चाहन्छु ।*

अध्ययन क्षेत्रमा दलित बस्ती मात्र नभएर गैरदलितहरू पनि रहेका छन् । त्यसकारण उनीहरू समूहमा संयुक्त रूपमा बस्ने गर्छन्, सामाजिक कार्य पनि उनीहरू संयुक्त रूपमा नै गर्ने र मेलापात पनि मिलेर गर्ने गरेको पाइयो । व्यक्तिगत अध्ययनअनुसार पहिला उनीहरूले धेरै विभेदहरू भोग्नु परेको, सामूहिक कार्यमा, सार्वजनिक स्थलमा पनि छुट्टै बसेर खानुपर्थ्यो । जब उनीहरू संयुक्त रूपमा समूहमा बसी वचत संकलन र परिचालन गर्ने, सामाजिक कार्यमा सँगै सहभागी हुने गर्न थाले त्यसपछि जातीय विभेदमा कमी आएको, दलितहरूको आर्थिक स्तरमा सुधार आएपछि उनीहरूलाई गरिने व्यावहारमा भिन्नता आएको कुरा अध्ययनबाट जानकारी भएको छ । यसबाट स्पष्ट हुन्छ कि आर्थिक अवस्था र संगतले पनि सामाजिक हैसियतमा बृद्धि हुदो रहेछ ।

## ५.२ दलितहरूको आर्थिक अवस्था

दलितहरूको आर्थिक अवस्था विगतको तुलनामा केही सुधार भएतापनि अपेक्षित रूपमा अन्य जाति सरह हुन सकेको छैन । हाल वैदेशिक रोजगारीका कारण केही जातिहरूको आर्थिक अवस्थामा सामान्य परिवर्तन भएको पाइयो । तर पनि आधुनिक पेशा, व्यवसायलाई अवलम्बन गर्न नसक्दा खासै उल्लेखनीय परिवर्तन भने देखिदैन ।

## ५.२.१ उत्तरदाताको मुख्य पेशा

कृषि प्रधान देशका रूपमा परिचित नेपालको अधिकांस मानिसहरू कृषि पेशामानै निर्भर रहेको देखिन्छ । केही निजीभूमि र अर्काको भूमिमा काम गरेर कृषि मजदुरीका रूपमा र अन्य निर्माण सम्बन्धि मजदुरका रूपमा यहाँका दलितहरूको गुजरा चलेको पाइन्छ । सामाजिक, आर्थिक, शैक्षिक अवस्थाहरूबाट अन्य जाति र दलित जाति बीचको सम्बन्धलाई विश्लेषण गर्दा अन्य जातिहरू हिजोदेखि नै सामाजिक रूपमा बलिया र मजबुत रहेको पाइन्छ । आर्थिक रूपमा वाम्हणजातिहरूको प्राकृतिक स्रोत र साधनमा बढी पकड भएका पाइन्छ । समग्रमा भन्नुपर्दा शैक्षिक अवस्थामा दलितहरू अन्य जाति भन्दा पछिल्लो पक्तिमा उभिन बाध्य छन् । यसका पछाडि शैक्षिक चेतना र आर्थिक अवस्था बढी जिम्मेवार रहेको पाइन्छ । नियमित रूपमा हुने स्थायी आयआर्जनको स्रोत कम हुनु, सन्तान र परिवार संख्या धेरै जन्माउनु धेरै जसो डाँडा पखेरा र वनका छेउछाउको भिरालो जमिन ओगोटेर बसोबास गर्ने हुनाले दलितहरू वर्षभरि मेहनत गर्दा पनि केबल जुजारा अवस्थामा नै सिमित रहेका थिए । तर आज भोलिका सरकारी संयन्त्रका कारण दलितहरूको पक्षमा नीति नियम र कानुनको निर्माण केही शैक्षिक चेतना र आधुनिका पेशाका कारण धेरै सुधार आएको पाउन सकिन्छ । वैदेशिक राजगारीको आम्दानीले त उनीहरूमा मनग्य प्रगति भएको पाइन्छ । तर उच्च शिक्षा अध्यन र पुरा गर्नेको संख्या त अझ कमि नै छ यसको पछाडि आर्थिक अवस्था नै बढी जिम्मेवार र प्रभावपूर्ण रहेको पाइन्छ । उनीहरूको आम्दानी पहिला पहिला केबल खाना, नाना तथा औषधी उपचारमा नै खर्च भएतापनि हाल आर्थिकतामा उनीहरू बढी मजभूत बन्दै गएको पाइन्छ । उनीहरूको पेसाका विवरणको लागि तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ५.१ : उत्तरदाताको  पेशागत विवरण**

| पेशा | आश्रित जनसंख्या | प्रतिशत |
|---|---|---|
| बैदेशिक रोजगार | १९ | ३८ |
| कृषिज्याला | १५ | ३० |
| सिलाई | १३ | २६ |
| फलामका भाडा निर्माण | ३ | ६ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६ ।*

माथिको तालिका बाट कुल छनौटमा परेका ५० घरधुरी उत्तरदाताहरू मध्ये सबै भन्दा बढी बैदेशिक रोजगारलाई आफ्नो आम्दानीको बाटो बनाउने १९ जना अर्थात ३८ प्रतिशत रहेको पाइयो । कृषि ज्याला मजदुरीमा १५ जना अर्थात ३० प्रतिशत पाइयो । आफ्ना जिजुबाजेले गरेको पेशालाई व्यावसायिक बनाई आर्थिक आय आर्जन अर्थात् व्यावसायिक सिलाई पेसा अपनाउने १३ जना अर्थात् २६ प्रतिशत र फलामका भाडा निर्माण गरी आफ्नो पेसा अगाल्ने ६ प्रतिशत रहेको पाइयो । मुख्यगरी यहाँका दलितहरूले बैदेशिक रोजगारालई नै मुख्य आम्दानीको श्रोतको रुपमा लिएको पाइयो ।

## ५.२.२ मासिक आम्दानी

पो.म.न.पा. ११ स्थित काहुँमा बसोबास गर्ने छनौटमा परेका दलित समुदायको सरदर मासिक आम्दानी तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ५.२ : उत्तरदाताको मासिक आम्दानी**

| **विवरण** | **संख्या** | **प्रतिशत (%)** |
|---|---|---|
| २५ हजार भन्दा कम | १५ | ३० |
| २५ हजार देखि ५० हजारसम्म | १९ | ३८ |
| ५० हजार देखि १ लाख सम्म | १३ | २६ |
| १ लाखभन्दा माथि | ३ | ६ |
| **जम्मा** | **५०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन प्रतिवेदन २०७६ ।*

तालिका ५.२ अनुसार कुल उत्तरदाता ५० जना मध्ये १५ जना अर्थात् ३० प्रतिशत उत्तरदाता महिनामा २५ हजार भन्दाकम आम्दानी गर्ने पाइयो । त्यस्तैगरी २५ हजार देखि ५० हजारसम्म १९ जना अर्थात् ३८ प्रतिशत, ५० हजार देखि १ लाखसम्म १३ जना २६ प्रतिशत र १ लाखभन्दा माथि ३ जना अर्थात् ६ प्रतिशत रहेको पाइयो । यसरी २५ हजार देखि ५० हजारसम्म आम्दानी गर्ने उल्लेखनीय रहेको पाइयो भने  २५ हजार भन्दा कम आम्दानी गर्ने पनि बढी नै पाइयो ।

### ५.२.३ आम्दानीबाट सन्तुष्ट

कुनै बाध्यात्मक र भैपरी आउने घटना बाहेक हरेक मानिसले आफ्नो आय अनुसार नै खर्च र बचतको तारतम्य मिलाउँदछ। त्यस्तैगरी अध्ययन क्षेत्रमा घाटी हेरी हाड निल्ने भनेजस्तै हरेक मानिसले आफ्नो आय अनुसार नै खर्च र बचत तय गर्दछ । आफुले गरेको आम्दानीबाट सन्तुष्टि प्राप्त गर्ने उत्तरदाताको विवरण तालिकाबाट प्रष्ट पार्न सकिन्छ।

**तालिका ५.३ : उत्तरदाताको आफ्नो आम्दानीबाट सन्तुष्टि**

| **विवरण** | **संख्या** | **प्रतिशत (%)** |
|---|---|---|
| आफ्नो आम्दानीबाट सन्तुष्टि छु | ३३ | ६६ |
| आफ्नो आम्दानीबा सन्तुष्टि छैन | १७ | ३३ |
| **जम्मा** | **५०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन प्रतिवेदन २०७६ ।*

तालिका ५.५ अनुसार छनौटमा परेका कुल उत्तरदाता ५० जना मध्ये ३३ जना अर्थात् ६६ प्रतिशत उत्तरदाता आफ्नो आम्दानीबाट सन्तुष्ट रहेको र १७ जना अर्थात् ३३ प्रतिशत उत्तरदाता आफ्नो आम्दानी अझै कम भएको अर्थात असन्तुष्टि जनाएको पाइझे।

## ५.३ शैक्षिक अवस्था

### ५.३.१ शिक्षामा आएको परिवर्तन

शिक्षा नै परिवर्तनको मुल कारण तत्व हो। शिक्षा विना समाजको परिवर्तनको कल्पना गर्न समेत सकिदैन आजको समाज शिक्षाबाट नै अगाडि बढेको पाइन्छ। शिक्षाबाट उनीहरूमा चेतनाको विकासको साथै समुहमा आवद्ध हुने बानीको विकास भएको हो। वैवाहिक स्थिति परिवर्तन वा सुधार र पुरानो व्यवसायमा परिवर्तन हुनुको मुख्य कारण पनि शिक्षा नै भएको पाइन्छ । समाजको परिवर्तनको लागि शिक्षाले ठूलो भूमिका खेलिरहेको हुन्छ । पाठशाला खोल्दैमा स्कुल पठाउँदैमा र आरक्षण दिदैमा गुणस्तर शिक्षामा वृद्धि हुन्छ भन्न सकिँदैन । हिजोका दिनहरूमा दलितहरूलाई पढ्नुपर्छ, केही जान्नुपर्छ भन्ने भावनाको कमीको कारणले नै पछाडि परिरहेको अवस्था थियो । अहिलेको अवस्थामा दलितहरू पनि शिक्षाको कमीले पिछडिएर बस्नु परेको अवस्था भने छैन । बढी पढेका दलितहरू यही रोजगारीको जोहो

तोहो गरेका छन् कम पढेकाहरू बैदेशिक रोजगारमा गएर भएपनि उनीहरूले आफ्नो आर्थिकता मजभूत पार्नुको साथै आफ्ना बालबालिकाहरूलाई राम्रो शिक्षा दिन सफल देखिन्छन् । यस अध्ययन क्षेत्रका दलितहरूको बालबालिकाको शैक्षिक स्थितिको यथार्थ विवरण निम्न अनुसार रहेको छ ।

**तालिका ५.४ : उत्तरदाताको विद्यालय अध्ययन गर्ने छोराछोरीको विवरण**

| उ.मा.वि./क्याम्पस | संख्या | वडा नं | किसिम |
|---|---|---|---|
| कालिका मा.वि. | द्छ | ज्ञ्ञ | सामुदायिक |
| काहुँ प्रा.वि | ज्छ | ज्ञ्ञ | सामुदायिक |
| शिव शक्ति उच्च मा.वि. | द्ण | ज्ञ्ञ | सामुदायिक |
| भास्कर बोर्डिङ स्कूल | ज्ण | ज्ञ्ञ | नीजि |
| पिनाकल एकेडेमी | ठ | | नीजि |

*स्रोत: पो.म.न.पा. वडा नं. ११ को कार्यालय अभिलेख २०७६ ।*

माथिको तालिकामा उल्लेख भए अनुसार अध्ययन क्षेत्रका उत्तरदाताका छोराछोरीहरु स्कुल जाने विवरणमा कालिका मा.वि. मा अध्ययनरत २५ जना, काहुँ प्रा.वि.मा अध्ययनरत १५ जना, शिवशक्ति उ.मा.विमा अध्ययनरत २० जना र भास्कर बोर्डिङ स्कुलमा अध्ययनरत १० जना र पिनाकल एकेडेमीमा अध्ययनरत ७ जना रहेको पाइयो ।

**तालिका ५.५ उत्तरदाताको उ.मा.वि. र क्याम्पस अध्ययन गर्ने छोराछोरीको विवरण**

| संकाय तह | दलित विद्यार्थी | संस्थाको नाम |
|---|---|---|
| कक्षा ११ र १२ | छ | शिवशक्ति उ.मा.वि |
| वि.ए.सरह | द्ध | पि.एन, कन्या क्याम्पस |

*स्रोत: पो.म.न.पा. वडा नं. ११ को कार्यालय अभिलेख २०७६ ।*

तालिका अनुसार कुल उत्तरदाता ५० जनाका छोराछोरीहरु मध्ये कक्षा ११ र १२ मा अध्ययनरत ५ जना, वि.ए. सरह अध्ययनरत ४ जना रहेको पाइयो ।

## ५.४ सामाजिक आर्थिक र शैक्षिक अवस्थामा परिवर्तनका कारणहरू

हाल विद्यमान अवस्थामा दलितहरूको सामाजिक आर्थिक साँस्कृतिक र शैक्षिक स्तरमा वृद्धि हुँदै आएको सरकारी तथ्याङ्कका विभिन्न आँकडाहरूले देखाउँछ । सामाजिकीकरण, साँस्कृतिकरणको प्रभाव, आरक्षणको व्यवस्था, सामाजिक संघसंस्थामा समावेस गर्नैपर्ने सरकारको नीति तथा कार्यक्रम साथसाथै संचार, प्रविधि, भू-बनावट, बैदेशिक रोजगार जस्ता कारणहरूबाट दलितहरूको उत्थानको लागि धेरै कार्यहरू भएका छन् । यस सन्दर्भमा अझ स्पष्ट पार्न तलको तालिका बाट प्रस्तुत गरिन्छ ।

**तालिका ५.६ उत्तरदाताको आर्थिक र शैक्षिक अवस्थामा सशक्तिकरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक समुहमा आवद्ध भएर | १६ | |
| सञ्चारको माध्यमबाट | २५ | |
| प्रविधिको कारणबाट | ११ | |
| भू-बनावट | १३ | |
| बैदेशिक रोजगारबाट | २१ | |
| सामाजिक, सास्कृतिक सुधारको कारणबाट | २५ | |
| सबै | १९ | |
| जम्मा | *१३० | |

*स्रोत: प्रत्यक्ष अवलोकन २०७६ ।*

*बहुउत्तर आउन सक्ने प्रश्नावली ।

माथिको तालिका अनुसार छनौटमा परेका कूल उत्तरदाता ५० जना मध्ये १६ जनाले सामाजिक समुहमा आवद्ध पश्चात् दलितहरू गैर दलितहरू सरह अगाडि आउन सकेका हुन् भन्ने धारणा राखेको पाइयो यदि । उनीहरूलाई हरेक सामाजिक संघ संस्थाहरूमा अनिवार्य आवद्ध नगराएको हुँदो हो त उनीहरूको प्रतिनिधित्व नहुने र उनीहरूमा एउटा सामाजिक हुनुपर्छ समाजमा आइपरेका समस्याहरू सँग जुध्नुपर्छ भन्ने भावनाको विकास हुने थिएन । होला । त्यस्तैगरी सञ्चारको माध्यमबाट हामीलाई उजागर गरायो भन्नेमा २५ जना,

प्रविधिको कारणबाट हामी दलितहरूको विकासमा टेवा पुगेको छ भन्ने ११ जना भू-वनावट अनुसार भन्नेमा १३ जना बैदेशिक रोजगारबाट सशक्तिकरण पुगेको भन्नेमा २१ जना सामाजिक, साँस्कृतिक सुधारको कारणबाट भन्नेमा सबैभन्दा बढी २५ जना रहेको पाइन्छ । माथिको सबै कारणहरूमा सहमति जनाउने १९ जना रहेको पाइन्छ ।

### सामाजिक समूहमा आबद्ध भएर

सामाजिक कार्यमा दलितहरू अन्य जातिकाहरूसँगै समूहमा बसी वचत संकलन गर्ने र लगानी गर्ने गरेका छन् । समुहमा आबद्ध भएपछि उनीहरूमा सामुहिक भावनाको विकास हुनुका साथै समाजमा मिलेर बस्ने वानीको विकास हुनुका साथै एकताको भावनाको समेत विकास भएको पाइएको छ । माथिका भनाइहरूबाट पनि स्पष्ट हुन्छ कि समूहमा आबद्ध भएपछि उनीहरूलाई समाजमा हेर्ने नजर र गरिने व्यवहारमा धेरै परिवर्तन आएको अध्ययनबाट स्पष्ट भएको छ ।

## संचार

आजको विज्ञान र प्रवृद्धिको युगमा हरेक मानिसहरूले विज्ञानको उत्पादन वा साधनहरू प्रयोगमा ल्याएको पाइन्छ त्यस मध्ये सञ्चारलाई एक महत्वपूर्ण साधनको रुपमा लिइन्छ । सञ्चारको साधनको प्रयोगले एक ठाउँको मानिसले अर्को ठाउँको मानिससँग सजिलै सम्बाद गरी छिटो भन्दा छिटो सूचनाहरू प्राप्त गर्न सक्दछ । सूचनाको प्रयोगबाट मानिसले संसारको कुनैपनि ठाउँको धर्म, संस्कार, सामाजिक रीतिरिवाज, परम्परा, चालचलन संस्कृतिको बारेमा सजिलै थाहा पाउन सक्दछ । ती सञ्चारका साधनहरू रेडियो, एफ.एम., टेलिभिजन, मोवाइल, पत्रपत्रिका, नेट इन्टरनेट आदिका माध्यमबाट मानिसले सूचना, जानकारीहरू प्राप्त गर्न सक्दछन् । यसर्थ आजको युगमा सूचनाको साधनले साँघुरो बनाउनुको साथै सव्यताको विकास गराएको छ । आफ्नो धर्म, संस्कृतिको समयानुकुल संरक्षण र सम्बद्धन गर्ने भावनाको विकास पनि सञ्चारले गरेको पाइन्छ । तसर्थ यहाँका महिलाहरूले पनि अर्कोको नक्कल गरी पत्रपत्रिका पढी रेडियो टेलिभिजन, नेट, इन्टरनेटको प्रयोग गरेको पाइन्छ । जसबाट उनीहरू पुरानो परम्परावादी धर्म, संस्कृतिको समयानुकल प्रयोग गरिएको देखिन्छ ।

## प्रविधि

आजको विज्ञानको युग हो । विज्ञानले विश्वमा चमत्कार गरेको छ ।प्रवृद्धिको प्रयोगबाट विश्वलाई एकैठाउँमा बनाउने देखि लिएर विश्व फुटाउने समुन्द्रमा चन्द्रमामा बस्ती बसाउने सम्मको विकास गर्न सफल भएको छ । यसरी प्रविधिको प्रयोगबाट नेपालको मानिसले साउदीमा बसेका मानिससँग कुराकाकानी गर्ने प्रत्यक्ष देख्न सक्ने भएको छ । यसरी प्रविधिको प्रयोगबाट मानिसले आफुलाई परिवर्तन गरी सामाजिक मुल्य मान्यता, धर्म संस्कार, परिस्थितिको पनि विकास गर्न खोजेको पाइन्छ । प्रविधिको प्रयोगले मानिसलाई एक ठाउँबाट अर्को ठाउँमा सजिलै आवत जावत गर्न सक्ने प्रत्यक्ष नेट इन्टरनेट मार्फत मोवाइल तथा ल्यापटपमा कुराकानी गर्न सक्ने, धर्म संस्कृतिको सवलामा छलफल, संवाद गर्न सक्ने बनाएको छ । परम्परागत रुपमा नभै आधुनिक तवरबाट पनि आफ्नो धर्मसंस्कृतिलाई विकास गराउनुको साथै परिवर्तन गराउन प्रविधिको भूमिका महत्वपूर्ण रहेको पाइन्छ ।

## भू-बनोट

आजको धार्मिक, सामाजिक परम्परा, संस्कृति परिवर्तन हुनुको कारणहरू मध्ये भूमण्डलीकरणलाई एक महत्वपूर्ण तत्वको रुपमा लिने गरेको पाइन्छ । भुबनोटका कारणले गर्दा आदिम कालदेखि वर्तमान कालसम्म विभिन्न संघर्ष, परिवर्तन भएको पाइन्छ । विगतमा मानिसको बसाई एउटै धर्म, जातजाति, पेशा, व्यवसायको आधारमा हुने गरेको पाइन्छ । तर हाल मानिसका विभिन्न कारणहरू विभिन्न पेशा व्यवसाय, रोजगार, व्यापार आदिका कारण मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा जाने गरेको पाइन्छ । यसरी मानिसहरू जाने र बसाई गर्ने कारण त्यस ठाउँमा विभिन्न खालका धनी गरिब, कालागोरा, ठूलासाना विविध जातका मानिसहरू बसाई गर्ने र उनीहरूले आफ्नो स्वार्थका कारण विभिन्न संघर्षहरू गर्ने गरेको पाइन्छ । यसरी संघर्ष गर्दा मानिसहरूबीचको पुरानो संस्कार, परम्परा, लोप भई नयाँ आधुनिक खाले संस्कार संस्कृतिहरूको विकास हुने गरेको पाइन्छ । आध्यात्मिकहरूको विचारमा पदार्थ भन्दा पहिले चेतनाको अस्तित्व थियो भन्ने बुझाई पाइन्छ भने मार्क्सवादीका अनुसार कुनैपनि वस्तुको अस्त्वप्रति घटनाको सम्बन्ध बारे विश्लेषण गर्दा पदार्थलाई शास्वत मान्दछ । यस जगतमा कुनैकिसिमको परलौकिक शक्तिको अस्तित्व छैन । चेतना पदार्थको ऐतिहासिक विकासको उपज हो । भन्ने मान्यता राख्दछ । यस सम्बन्धमा उत्पादनका व्यवस्थाहरूको आधार मा संरचना, उपरी संरचना रहेका छन् ।

मार्क्सका आधारमा एक पछि अर्को विकास हुनसक्ने उत्पादन प्रणालीलाई निम्न अनुसार उल्लेख गर्न खोजिएको पाइन्छ । a. Primitive Mode of Production, b. Slave mode of Production, c. Feudeal Mode of Production, d. Capitalistic Mode of Production, e. Socialistic Mode of Production.

संरचना भन्नाले समाजका आर्थिक आधार र सामाजिक आधारलाई जनाउँदछ । उपरी संरचना भन्नाले मुल्य मान्यता विचार, भाषाकला, परिवार शिक्षा र राजनीतिआदिलाई अभिव्यक्त गर्दछ । संघर्षलाई समाजबाट उन्मुलन गर्न कोही व्यक्तिपनि उलङ्घन गर्न सक्दैन । संघर्ष सधै हुँदैन । यो कहिलेकाही हुने पक्रिया हो । संघर्ष सधै समाजमा भैरहने हो भने सामाजिक हित र कल्याण हुन सक्दैन । समाजका उद्देश्यहरू पनि पूरा हुन सक्दैनन् । सघर्ष हुनका लागि समाजमा सामाजिक साँस्कृतिक कारणहरू हुनुपर्दछ । यस किसिमका कारणहरूले समाजमा परिवर्तन ल्याउन सक्दछन् ।

## वैदेशिक रोजगार

अध्ययन क्षेत्रका दलितहरूको अहिले मुख्य आम्दानीको स्रोत वैदेशिक रोजगारी भएको छ । केही वर्ष यता उनीहरू ऋण खोजेर भए पनि खाडी मुलुक जाने गरेको पाइयो । प्रत्येक घरका एकजना विदेश नभएको घरै छैन कसैका त ३।४ भाइ छोरा वैदेशिक रोजगारीमा गएको पाइयो । व्यक्तिगत अध्ययन अनुसार वैदेशिक रोजगारीले गर्दा उनीहरूको आर्थिक, शैक्षिक अवस्थामा परिवर्तन आएको कुरा जानकारी हुन आएको छ ।

### सञ्चार माध्यमको प्रभाव

हिजोआज सञ्चारको प्रशस्त सुविधा भएकाले सञ्चार माध्यमबाट नयाँनयाँ कुराहरू सुन्न र देख्न पाइने भएकाले पनि उनीहरूको अवस्थामा परिवर्तन आएको कुरा उनीहरू बताउँछन् । प्रत्येकका घरमा टि.भी.रेडियो भएको साथै हातहातमा मोवाइल भएकोले पनि धेरै परिवर्तन आएको छ ।

समाज परिवर्तनमा सञ्चार माध्यमले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हिजोआज सबैका घरमा टेलिभिजन र हातहातमा मोवाइल फोन भएकोले पनि धेरै कुराहरूको जानकारी पाउन सजिलो भएको कुरा सबैबाट आएको छ ।

## सामाजिक संघ संस्थाको प्रभाव

अध्ययन क्षेत्रमा विभिन्न संघसंस्थाहरूले काम गरेका छन् । अहिले जुनसुकै समूह, समिति र कार्यक्रमहरूमा पनि दलितको सहभागितालाई प्राथमिकता दिइने भएकाले पनि दलितहरूको अवस्थामा परिवर्तन आएको कुरा अध्ययन क्षेत्रका महिलाहरूको व्यक्तिगत अध्ययनबाट जानकारी भएको छ ।

**व्यक्तिगत अध्ययनकी विष्णुमाया परियार (नाम परिवर्तीत) का अनुसार :**

*मेरो नाम टुक्रादेवी परियार (नाम परिवर्तीत) हो । मेरो उमेर ३५ वर्ष भयो । मेरो २० वर्षको उमेरमा मागी विवाह भएको हो । म दलित परिवारमा जन्म लिएपनि मेरो सानै देखि अर्काले हेपेको, हेला गरेको मन पर्दैनथ्यो । म हाम्रा समाजका मान्छेहरु जुटाएर हामी यसको विरुद्ध उठ्नु पर्छ । पहिला हामी हामीबाट छुवाछुतको भावना हटाउनु पर्छ भनेर समाजको नेतृत्वदायी भूमिका गरी लागिपरिरहेको महिला हु । हाल २०७५ सालको चुनावमा पनि मलाई वडाको महिला सदस्यको रुपमा टिकट दिइयो । निर्वाचनबाट म विजयीपनि भए । मैले नेतृत्व गरेपछि जब हामी संगठित भएर समूहमा बस्यौं त्यसपछि हामी दलितहरूलाई हेर्ने नजर, गरिने व्यवहार र सम्बोधन गरिने शब्दमा धेरै भिन्नता आएको मैले पाएकी छु किनकि हामी एकजुट भएका छौं र आवाज उठाउने क्षमताको विकास भएको छ । माथिल्लो जातकाले पहिला जस्तो हिसा पनि गर्दैनन् । हिजो हामीले नेट इन्टरनेट मोवाइलको प्रयोग गर्न सकेका थिएनन् अथवा अनुमति थिएन तर अहिले अरुको देखासिखी गरी हामीलाई पनि मोवाइल किनिदिएका छन् जसबाट विभिन्न धर्म संस्कृतिको बारेमा जानकारी प्राप्त गर्न सकेका छन् । आजभोली सबैको घर मोवाइल छ । बैदेशिक रोजगारको सिलसिलामा मेरो श्रीमान् साउदी अरवमा कार्यरत हुनुहन्छ । मोवाइलको प्रयोगले नै हामी परिवारका सदस्यहरू श्रीमान्सँग प्रत्यक्ष कुराकानी गरेका छौ । यहाँ विभिन्न संघ संस्थाहरूले कार्यक्रम पनि गरेका छन् । म विभिन्न संघसंस्थाका समिति र उनीहरूले सञ्चालन गरेका कार्यक्रममा सहभागी भएकी छु । त्यहाँबाट धेरै कुरा सिकेर मेरो व्याक्तिगत जीवनमा र समाजमा लागू गरेको छु । यहाँ विभिन्न संघसंस्थाका कार्यक्रममा दलितलाई प्राथमिकता दिने भएकोले पनि हामी दलितहरूमा धेरै परिवर्तन आएको छ ।*

## ५.५ तालिम/गोष्ठी/भ्रमण

यस अध्ययन क्षेत्रका दलितहरूको क्षमतामा अभिबृद्धि भएको कुरा व्यक्तिगत अध्ययनबाट जानकारी भएको छ । जसमा उनीहरूमा परिवर्तन आउनुको एउटा कारण विभिन्न संघसंस्थाले आयोजना गरेका तालिम, गोष्ठी र भ्रमण भएको कुरा उनीहरूले बताएका छन् ।

**व्यक्तिगत अध्ययनका कालु दमै (नाम परिवर्तीत) का अनुसार :**

*मेरो नाम कालु दमै (नाम परिवर्तीत) हो । मेरो उमेर ४५ वर्षको भयो । मैले विभिन्न संघसंस्थालले सञ्चालन गरेका नेतृत्व विकास, अधिकारमुखी अवधारणा, प्रजनन स्वास्थ्य सम्बन्धी, सहकारी व्यवस्थापन सम्बन्धी तालिममा भाग लिएको छु जसले मलाई धेरै परिवर्तन गराएको छ । पहिला घरको काममा मात्र सीमित हुन्थें जब समूहमा बसें त्यसपछि मैले समूह व्यवस्थापन, नेतृत्व विकास, तरकारी खेती जस्ता तालिममा सहभागी हुने मौका पाएँ त्सपछि मेरो र ममा धेरै परिवर्तन आएको छ ।*

उल्लेखित विभिन्न तथ्य र तालिकाहरूको सारांश गर्दा यहाँका दलित जातिको सामाजिक, आर्थिकता राम्रो पहुँच भएको । समाजिकीकरण र साँस्कृतिकरणको हिसावमा उनीहरूको जिजुबाजेको तुलनामा अति नै छलाङ मारेको अर्थात अहिलको परिवेशमा भन्नुपर्दा गैर दलित र दलितहरू बिचमा विभेद र छुवाछुत नरहेको पाउन सकिन्छ । शिक्षाको क्षेत्रमा भने साक्षरता भने प्राय सबै भएका अर्थात् आफ्ना बालबच्चाहरूलाई पढाउनुपर्छ भन्ने धारणा सबैमा आएको र बालबालिकाहरू पनि पढ्नुपर्छ, स्कुल जानुपर्छ ज्ञानको वृद्धि भएतापनि उच्च शिक्षासम्म शिक्षा लिन अझै कम रहेको पाइन्छ । +२ पढेपछि धेरै युवाहरू बिदेशिने गएको स्थलगत अध्ययनका उत्तरदाताहरूले बताएको पाइयो । आफ्नो पाखो जमिन कम भएता पनि बिहान बलुका खानको लागि बाहिर किनेरै भएपनि छाक सजिलै छानै सक्ने हैसियत बढेको पाइन्छ । बाहिरी सामाजिक संघसंस्थामा भने उनीहरूको हैसियत राम्रै भएको पाउन सकिन्छ । गैर दलितहरू सँगसँगै अध्ययन क्षेत्रका दलितहरूले पनि आफ्नै सामाजिक संघसंस्था जस्तो, आमा समुह, सहकारी, युवा क्लवहरू खोलेको पाइन्छ ।

# अध्याय छ

# सारांश र निष्कर्ष

यस शोधको मुख्य उद्देश्य पोखरा महानगरपालिका वडा नं. ११ काहुँमा वसोवास गर्ने दलितहरूको सामाजिक साँस्कृतिक अवस्थाको अध्ययन गर्नु रहेको छ । नेपालमा छरिएर रहेका सवै जातजातिका आआफ्नै सामाजिक, साँस्कृतिक अवस्था विद्यमान रहेकोमा यस क्षेत्रका दलित पनि आफ्नोपनको परिचय दिइरहेका छन् । यस अध्ययनको सिलसिलामा २०७६ असार महिनामा स्थलगत सर्वेक्षण गरी दलित समुदायसंग सम्बन्धित विभिन्न तथ्याङ्क संकलन गर्दा प्राथमिक विधि अन्तर्गत अवलोकन अनुसूचीद्वारा अन्तवार्ता, व्यक्तिगत अध्ययन र द्वितीय तथ्याँङ्क सङ्कलन विधि अन्तर्गत दलित समुदाय र उनीहरूले गरेका कामको सर्वेक्षण,उनीहरूको सामाजिक बिवरण र अनुसन्धानबाट प्राप्त प्रतिवेदन प्रयोग गरिएको छ । अनुसन्धानको उद्देश्य अनुरूप उनीहरूको सामाजिक, साँस्कृतिक पक्षहरूको बिश्लेषण गरी उनीहरूको आर्थिक, सामाजिक र शिक्षामा परिबर्तन आउनुका कारणहरू अध्ययन गरिएको छ ।

## ६.१ सारांश

ब्रिटिसकालमा भारतमा सन १९२७ मा बनेको "साइमन कमिसन"ले शुद्र मध्येकै "अतिशुद्र" मानी पानी नचल्लने तहमा राखेको समुहलाई दलित मानेको छ । नेपालको सन्दर्भमा दलितहरू आर्थिक रूपले शोषित, राजनीतिक रूपले आवाजहीन, सामाजिक रूपले तिरस्कृत तथा अछुतको रूपमा रहिआएका समुदाय हुन् । जातीय प्रणाली हिन्दू धर्मका मुख्य दर्शनको रूपमा रहेको भए तापनि नेपाली समाजमा विद्यमान अन्य धार्मिक समुदायमा समेत जातीय व्यवस्था व्यवहारमा रहेको पाइन्छ । वि.सं.२०२० को नयाँ मुलुकी ऐनले उपरोक्त भेदभावलाई कानुनतः हटाएको थियो भने पछिल्लो समय नेपाल अधिराज्यको संविधान २०४७, अन्तरिम संविधान २०६३ र गणतान्त्रीक नेपालको संविधान २०७२ ले छुवाछुतलाई पूर्ण निषेध गर्ने कानुन वनिसकेको छ । तथापि नयाँ कानुनी व्यवस्थाको निर्माण मुलुक संघीय गणतान्त्रीक अवस्थामा पुग्दा पनि जातीय भेदभाव समाजमा विद्यमान नै छ । राजनीतिक परिवर्तन भए तापनि राष्ट्रिय राजनीति र राज्यको अर्धसामन्ती चरित्रमा खासै

परिवर्तन नआएकाले दलितहरूको अवस्था, हैसियत र राज्यसत्तामा पहुँचमा उल्लेखनीय सुधार हुन अझै सकिरहेको छैन । वास्तवमा जातीय प्रथा सामन्तवादी राज्यसत्ताले आफ्नो राजनीतिक स्वार्थ पूरा गर्न गरेको सामाजिक विभाजन हो यसले गर्दा जनसंख्याको ठूलो हिस्सा संरचनागत ढंगले नै उपेक्षित रहन गएको छ । केही दलित नेताहरूको दृष्टिकोणमा दलितहरू शुद्र होइनन् बरु यिनीहरू चतुरवर्ण बाहिरका समुदाय हुन् भन्ने ठम्याई पनि छ ।

प्रस्तुत शोध अध्ययन "पो.म.न.पा. वडा नं. ११ स्थित काहुँमा बसोबास गरेका दलितहरूको सामाजिक आर्थिक र शैक्षिक अवस्थाः एक अध्ययन" शीर्षकमा दलितहरूको सामाजिक, आर्थिक र शैक्षिक अवस्था कस्तो रहेको छ ? दलित समुदाय प्रति अन्य समुदायको कस्तो धारणा रहेको छ ? दलितका छोराछोरीको शिक्षामा सहभागिता रहने सम्बन्धमा परिवारको कस्तो दृष्टिकोण रहेको छ ? दलितहरू पछि पर्नुँमा कुन कुन पक्षले प्रमुख भूमिका खेलेको छ ? दलितको सामाजिक, आर्थिक र शैक्षिक कुन पक्षले कस्तो प्रभाव पारेको छ ? जस्ता समस्याको समाधानको लागि दलितहरूको सामाजिक, साँस्कृतिक, आर्थिक र शैक्षिक अवस्था पत्ता लगाउने, दलितहरूको आर्थिकताले शिक्षामा कस्तो प्रभाव पारेको सो पत्ता लगाउनु, समाजमा दलित जातिको सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा रहेको पहुच र सहभागिताको खोजी गर्नु । उद्देश्य लिइएको छ । उक्त उद्देश्य पूरा गर्नको पोखरा महानगरपालिका वडा नं. ११ स्थित काहुँ लाई अध्ययन क्षेत्र बनाई सीमा निर्धारण गरिएको छ भने शोध अध्ययनको उद्देश्य पूरा गर्नको लागि अर्न्तवार्ता अनुसूची र वैयक्तिक अध्ययनलाई मुख्य विधि अपनाई तथ्याङ्क शोधको लागि तथ्य सङ्कलन गरी विश्लेषणात्मक अनुसन्धान ढाँचा अनुरुप मुख्य रुपमा प्राथमिक तथ्य र गौण रुपमा द्वितीय तथ्य लिई प्राप्त तथ्यलाई तालिकीकरण गरी विश्लेषण गरिएको छ ।

## मुख्य प्राप्तिहरू

### सामाजिक जनसाङ्ख्यिक अवस्था

- अध्ययन क्षेत्रमा छनौटमा परेका ५० घरधुरी उत्तरदातासँग तथ्य लिदा पुरुषको तुलनामा महिलाहरू बढी रहेका, पारिवारिक अवस्थामा संयुक्त परिवार भन्दा एकल परिवार बढी रहेका र धार्मिक अवस्थामा हिन्दु धर्म मान्नेको संख्या बढी भएतापनि क्रीश्चियन धर्म मान्नेको संख्या पनि बढ्दै गएको पाइन्छ ।

- उत्तरदाताको शैक्षिक अवस्थामा सबै उत्तरदाता साक्षरता भएतापनि अझै एस.ई.ई. भन्दा कमको संख्या उल्लेखनीय रहेको छ भने एस.ई.ई.पास, +२ पास गर्ने को संख्या पनि राम्रै छ भने उच्च शिक्षा हासिल गर्ने संख्या न्यून नै रहेको पाइयो ।
- दतिलहरूका आफ्नै छुट्टै पहिचानका कुनै त्यस्ता संस्कारहरू पाइएन उनीहरूका संस्कारहरू भनेका बाह्मण क्षेत्रीहरूले जे जस्ता संस्कारहरू अगाली आएका छन् सोही अनुसार नै अनुकरण गर्दै आएको पाइयो । प्रमुख संस्कारहरू भनेका जन्म संस्कार, छैटी, न्वारन, अन्नप्रासन, ब्रतबन्द, विवाह मृत्यु संस्कार अन्तर्गत गरिने सम्पूर्ण संस्कारहरू नै बढी प्रचलनमा रहेको पाइयो भने चाडपर्वहरूमा दशैं, तिहार, तिज, माघे सङ्क्रान्ती नयाँ वर्ष, नागेपश्चमी जस्ता नै रहेको पाइयो । भेषभुषामा फरक खालको नभई सामान्य पाइन्ट, कमिज, दौरा सुरवाल, कोट अनि गुन्यू चोलो र कुर्था सलवार रहेको पाइयो भने खानपानमा सामान्य दालभात नै बढी रहेको र बढी मात्रामा माछामासु, जाड रक्सी बढी खाने गरेको पाइयो ।

**सामाजिक, आर्थिक र शिक्षामा प्रभाव**

- घरको अवस्थामा प्राय पक्की घर नै बढी रहेका, खेतीपाती कम बैदेशिक रोजगारलाई मुख्य पेसाको रुपमा अगालेको पाइन्छ भने केहीले आफ्ना जातीय परम्परा अनुसारकै सिलाईकटाई र फलामका भाडा निर्माण व्यवसाय अँगालेको पाइन्छ ।
- आयस्रोतको रुपमा २५ हजार देखि ५० हजारसम्म आम्दानी गर्ने बढी रहेका छन् । आम्दानीबाट सन्तुष्टि लिने पनि बढी नै पाइन्छ ।
- उत्तरदाताका छोराछोरीको हकमा सामुयिक विद्यालय, निजी विद्यालय साथसाथै उच्च शिक्षा हासिलको लागि पृथ्वीनारायण क्याम्पस, कन्या क्याम्पसमा पढेको बताए ।
- अध्ययन क्षेत्रका दलितहरूको हालको सामाजिक अवस्था सम्बन्धमा विगतका आफ्ना जिजुबाजेले भोग्नुपरेको छि, छि, दुर दुर व्यवहार र हलेचक्राई गरे जस्तै गरी नाम विगारेर अशिष्ट असव्य तरिकाले बोलाउने, भोजभतेरमा सामेल नगर्ने कुनै कारणवस गइहाले उनीहरूलाई कसैसँग नछोइने गरी कुनामा बसाली खान दिने अर्थात भोजभतेरको रहेको खाना उनीहरूलाई बोलइ दिने जस्ता प्रचलन थिए । हालको अवस्थामा त्यसो नभई बाहिरी संगसगठनमा आवद्धता, गैर दलितका संस्कारहरूमा पनि निम्तो दिने, बोली बचनमा पनि आदरार्थी राखेर बोल्ने, झनै भन्नुपर्दा गैर दलितहरूले नै उनीहरूलाई आचरणका व्यवहाहरू सिकाउने आवश्यक परेको बेलामा सहयोग सद्भाव गर्ने गरको जानकारी अध्ययन क्षेत्रका उत्तरदाताहरूबाट पाइयो ।

- सामाजिक हैसियतको रुपमा दलितहरू वडाको वडा सदस्यहरू भएका, आमा समुह, युवा क्लवका सदस्य अध्यक्ष पदमा पनि उनीहरू पुगेका सामाजिक हितको लागि निर्णय गर्नुपर्दा निर्णय प्रक्रियामा उनीहरूलाई समाहित गरी राय सल्लाह लिने गरेको । कतिपय ठाउमा उनीहरूको निर्णय पनि मान्य रहेको अध्ययन क्षेत्रबाट पाइन्छ ।
- शिक्षाको लागि प्रभाव सम्बन्धमा प्राय दलितहरू कम पढेपनि आफ्ना बालबच्चाहरू पढाउनुपर्छ भन्ने चेतनाको विकास भएको । अध्ययन क्षेत्रका उत्तरदाता ज्यालामजदुर कृषि कार्यमा धेरै भएतापनि परिवारका सदस्यहरू बैदेशिक रोजगारमा लाग्दा बैदेशिक रोजगारबाट मनग्य आम्दानीले आफ्ना छोराछोरीहरू, नातिनातिनाहरूलाई राम्रो शिक्षा दिएको पाइयो ।
- समग्र रुपमा दलितहरूको सामाजिक, आर्थिक र शैक्षिक अवस्थामा परिवर्तन आउनुको कारणहरूमा सामाजिक समुहमा आवद्धता, सञ्चारको माध्यम, प्रविधि, भू-बनावट, बैदेशिक रोजगार सामाजिक साँस्कृतिक सुधारका कार्यहरू रहेको पाइयो भने मुख्य रुपमा सरकारी संयन्त्रबाट नै उनिहरूको अनुकुलता अनुसारको कानुन, नीति नियमको निर्माण, आरक्षण एवम् शिक्षा आर्जन गर्नका लागि आर्थिकता, पोषण र पोशाकमा निःशुल्क उपलब्धताले उनीहरूको सामाजिक अवस्था अत्यन्तै वृद्धि भएको पाइन्छ ।
- सरकारी निकायका निजामति सेवा, शिक्षा सेवामा लगायतका सरकारी, सामुदायिक क्षेत्रमा उनीहरूलाई आरक्षणको व्यवस्थाले गर्दा समग्र राष्ट्रको लागि केही हानी त हुन्छ अर्थात सक्षम व्यक्तिहरू पछाडि पर्ने एकातिर छ भने दलितहरूको लागि ठूलो शौभाग्य जुटेको अध्ययन क्षेत्रबाट पाइन्छ ।

## ६.२ निष्कर्ष

यस शोधको मुख्य उद्देश्य पोखरा महानगरपालिका वडा नं. ११ काहुँमा वसोवास गर्ने दलितहरूको सामाजिक साँस्कृतिक एवम् शैक्षिक अवस्थाको शोध अध्ययनमा निम्न निष्कर्ष लागिएको छ ।

अध्ययन क्षेत्रमा छनौटमा परेका ५० घरधुरी उत्तरदातासँग तथ्य लिदा पुरुषको तुलनामा महिलाहरू बढी रहेका, पारिवारिक अवस्थामा संयुक्त परिवार भन्दा एकल परिवार, हिन्दु धर्म मान्नेको संख्या बढी भएतापनि क्रीश्चियन धर्म मान्नेको संख्या पनि बढ्दै गएको पाइन्छ ।

उत्तरदाताको शैक्षिक अवस्थामा समग्रमा उल्लेखनीय वृद्धि भएको पाइयो । दतिलहरूका आफ्नै छुट्टै पहिचानका कुनै त्यस्ता संस्कारहरू पाइएन उनीहरूका संस्कारहरू भनेका बाह्मण क्षेत्रीहरूले जे जस्ता संस्कारहरू अगाली आएका छन् सोही अनुसार नै अनुकरण गर्दै आएको पाइयो । भेषभुषामा फरक खालको नभई सामान्य पाइन्ट, कमिज, दौरा सुरवाल, कोट अनि गुन्यू चोलो र कुर्था सलवार रहेको पाइयो भने खानपानमा सामान्य दालभात नै बढी रहेको र बढी मात्रामा माछामासु, जाड रक्सी बढी खाने गरेको पाइयो ।

घरको अवस्थामा प्राय पक्की घर नै बढी रहेका, खेतीपाती कम बैदेशिक रोजगारलाई मुख्य पेसाको रुपमा अगालेको पाइन्छ भने केहीले आफ्ना जातीय परम्परा अनुसारकै सिलाईकटाई र फलामका भाडा निर्माण व्यवसाय अँगालेको पाइन्छ । आयस्रोतको रुपमा २५ हजार देखि ५० हजारसम्म आम्दानी गर्ने बढी रहेका छन् । आम्दानीबाट सन्तुष्टि लिएका साथसाथै आफ्ना बालबच्चाहरूलाई सामुायिक विद्यालय, निजी विद्यालय साथसाथै उच्च शिक्षा हासिलको लागि पृथ्वीनारायण क्याम्पस, कन्या क्याम्पसमा सम्म पढाएको पाइयो । अध्ययन क्षेत्रका दलितहरूको हालको सामाजिक अवस्था सम्बन्धमा विगतका आफ्ना जिजुबाजेले भोग्नुपरेको  छि, छि, दुर दुर व्यवहार र हलेचक्राई गरे जस्तै गरी नाम विगारेर अशिष्ट असव्य तरिकाले बोलाउने, भोजभतेरमा सामेल नगर्ने कुनै कारणवस गइहाले उनीहरूलाई कसैसँग नछोइने गरी कुनामा बसाली खान दिने अर्थात भोजभतेरको रहेको खाना उनीहरूलाई बोलइ दिने जस्ता प्रचलन थिए । हालको अवस्थामा त्यसो नभई बाहिरी संगसगठनमा आवद्धता, गैर दलितका संस्कारहरूमा पनि निम्तो दिने, बोली बचनमा पनि आदरार्थी राखेर बोल्ने, झनै भन्नुपर्दा गैर दलितहरूले नै उनीहरूलाई आचरणका व्यवहाहरू सिकाउने आवश्यक परेको बेलामा सहयोग सद्भाव गर्ने गरको जानकारी अध्ययन क्षेत्रका उत्तरदाताहरूबाट पाइयो ।

सामाजिक हैसियतको रुपमा दलितहरू वडाको वडा सदस्यहरू भएका, आमा समुह, युवा क्लवका सदस्य अध्यक्ष पदमा पनि उनीहरू पुगेका सामाजिक हितको लागि निर्णय गर्नुपर्दा निर्णय प्रत्रियामा उनीहरूलाई समाहित गरी राय सल्लाह लिने गरेको । कतिपय ठाउमा उनीहरूको निर्णय पनि मान्य रहेको अध्ययन क्षेत्रबाट पाइन्छ । शिक्षाको लागि प्रभाव सम्बन्धमा प्राय दलितहरू कम पढेपनि आफ्ना बालबच्चाहरू पढाउनुपर्छ भन्ने चेतनाको विकास भएको । अध्ययन क्षेत्रका उत्तरदाता ज्यालामजदुर कृषि कार्यमा धेरै भएतापनि परिवारका सदस्यहरू बैदेशिक रोजगारमा लाग्दा बैदेशिक रोजगारबाट मनग्य आम्दानीले

आफ्ना छोराछोरीहरू, नातिनातिनाहरूलाई राम्रो शिक्षा दिएको पाइयो । समग्र रुपमा दलितहरूको सामाजिक, आर्थिक र शैक्षिक अवस्थामा परिवर्तन आउनुको कारणहरूमा सामाजिक समुहमा आवद्धता, सञ्चारको माध्यम, प्रविधि, भू-बनावट, बैदेशिक रोजगार सामाजिक साँस्कृतिक सुधारका कार्यहरू रहेको पाइयो भने मुख्य रुपमा सरकारी संयन्त्रबाट नै उनिहरूको अनुकुलता अनुसारको कानुन, नीति नियमको निर्माण, आरक्षण एवम् शिक्षा आर्जन गर्नका लागि आर्थिकता, पोषण र पोशाकमा निःशुल्क उपलब्धताले उनीहरूको सामाजिक अवस्था अत्यन्तै वृद्धि भएको पाइन्छ । सरकारी निकायका निजामति सेवा, शिक्षा सेवामा लगायतका सरकारी, सामुदायिक क्षेत्रमा उनीहरूलाई आरक्षणको व्यवस्थाले गर्दा समग्र राष्ट्रको लागि केही हानी त हुन्छ अर्थात सक्षम व्यक्तिहरू पछाडि पर्ने एकातिर छ भने दलितहरूको लागि ठूलो शौभाग्य जुटेको अध्ययन क्षेत्रबाट पाइन्छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, ढाकाराम (२०६६), *दलित र गरिबी बीच सम्बन्ध,* काठमाडौः एकता बुक्स ।

अधिकारी, नेपाल प्रकाश (२०६८), *पोखरा मियापाटनस्थित मुस्लिम समुदायको सामाजिक, एवम् साँस्कृतिक अवस्थाको एक समाजशास्त्रीय अध्ययन,* अप्रकाशित शोधपत्र समाजशास्त्र तथा ग्रामिण शास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

आचार्य, रामचन्द्र (२०५७),*सार्की जातीको सामाजिक आर्थिक अवस्था पाटन,* अप्रकाशित शोधपत्र त्रिभुवन विश्वविद्यालय, संयुक्त क्याम्पस ।

ओकाली ऐन (१९८५), *सेक्स, जेण्डर एण्ड सोसाईटी, लण्डन, गोवर पव्लिसिङ कम्पनी,* इङ्गल्याण्ड

किसान, यामवहादुर (२००६), *दलित सशक्तीकरणका लागि राज्यले अपनाउनु पर्ने नीतिहरू* काठमाण्डौ : जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च वागवजार

*केन्द्रिय तथ्याङ्क विभाग (२०६८),* नेपाल सरकार, तथ्याङ्क विभाग, केन्द्रिय कार्यालय

कोइराला, विद्यानाथ (२०६३), *दलितको शिक्षा दीक्षा,* ललितपुरः दलित महिला संघ केन्दीय कार्यालय ।

गुरुङ्ग, हर्क (२०६५), *बहिष्करणदेखि समावेशीकरणसम्म, सामाजिक समावेशीकरण अनुसन्धान कोष,* काठमाडौ :एस.एन.भी.नेपाल ।

गौतम, हरिबोल (२०७५), *दलितहरूको सामाजिक, साँस्कृतिक अवस्थाको समाजशास्त्रीय अध्ययन,* अप्रकाशित शोधपत्र, समाजशास्त्र विभाग स्नातकोत्तर तह द्वितीय वर्ष, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

जर्वाटिमिन, मार्गरे (१९९३), *अ जेण्डर पर्सपेक्टिभ टू इरिगसन म्यानेजमेन्ट इन आई आई एम इ/आइ औ इ सैमिनार सिररिज अन इरिगेसन म्यानेजमेण्ट,* काठमाडौ ।

ताम्राकार, टेक (२०६३), *नेपालमा दलित महिला,* दलित महिला संघ केन्द्रीय कार्यालय ।

तुङ्वाहाम्फे, शिवमाया (२०५९), *नेपालमा दलित आन्दोलन,* काठमाडौः अखिल नेपाल महिला संघ ।

*नेपालमा दलित समुदायको स्थिति (२०६६/०६७),* राष्ट्रिय दलित आयोग ।

प्रश्रित, मोदनाथ (२०५८),*मानवताको कलङ्क जातपात र छुवाछुत प्रथा,* गुल्मी, तम्घास किरण पुस्तकालय ।

*मुलुकी ऐन अपराध संहिता (२०७४)*

भासिन, कमला (२००३),*आखिर जेण्डर के हो त ? स्त्री शक्ति*, काठमाडौ ।

विष्ट, डोरवहादुर (२०६४), *सवैजातको फूलवारी,* काठमाण्डौः साझा प्रकाशन ।

विश्वकर्मा, हिरा (२०६३), *दलितका सवाल र तिनका समाधान,* ललितपुरः दलित महिला संघ केन्द्रीय कार्यालय ।

विश्वकर्मा, हिरा (२०६३), *दलितका सवाल र तिनका समाधान,* ललितपुरः दलित महिला संघ केन्द्रीय कार्यालय ।

भाषिन, कमला (२००३), *हामी दलितका अधिकारमा प्रतिवद्ध छौं,* ललितपुर : दलित महिला संघ केन्द्रिय कार्यालय ।

शर्मा, शिव (२०५८), *दलित जाती र गरिबी,* काठमाण्डौ, एकता बुक्स ।

Abbott Pamel and Claire Wallace, (1997): *An Introduction to Sociology feminist perspective.*(2nd edition) New York, Palgrave Publisher Ltd.

Ritzer, George (1992), *Socaiological theory*, 3rd Edition, MC Graw-hill INC.

Shahi, Sagar (2017). "Understanding vikas: How Dalits Make Sense of Development in Rural Nepal", *Neplese Journal of Development and Rural Studies*, *14 (1&2).*

# अनुसूची १

## अर्न्तवार्ता अनुसूची

*शोधकर्ताः शारदा सिग्देल*
**त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, पोखरा**

**मितिः २०७६/०३/१०**

उत्तरदाताको नामः ...................... लिङ्ग ...................... धर्मः .......
उमेरः .......................... शिक्षा .......................... पेशाः ...........

१. पारिवारिक विवरण

| क.स | नामथर | लिङ्ग | | उमेर | वैवाहिक स्थिति | उत्तर दाता | नाता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पु. | म. | | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |

२. तपाईको परिवारको किसिम कस्तो छ ?

क. एकल ~ ख. संयुक्त ~

३. तपाईहरूको मुख्य चाडपर्वहरू कुन-कुन हुन् ?

..........................................................................................................

४. तपाईको जातिको जन्मदेखि मृत्युसम्म के-के संस्कार गरिन्छ ?

..........................................................................................................

५. तपाईको आफ्नै जातीय सङ्घ संस्थामा आवद्ध हुनुहुन्छ ?

(क) छु (ख) छैन

६. तपाईको घरको प्रकार कस्तो छ ?

क. कच्ची ~ ख. पक्की ~

७. हाल तपाईको आम्दानीको स्रोत के छ ?

क. जागिर ख. बैदेशिक रोजागर ग. व्यापार व्यवसाय

घ. पेन्सन

८. तपाई आफ्नो आम्दानीबाट सन्तुष्ट हुनुहुन्छ ?

क. छ ~ ख. छैन ~

९. तपाईको वार्षिक आम्दानी कति जति हुन्छ ?

(क) २५ हजार भन्दा कम (ख) २५ हजार देखि ५० हजारसम्म

(ग) ५०-१ लाखसम्म (घ) १ लाख भन्दा माथि

१०. तपाईले हासिल गरेको शैक्षिक योग्यता बताइदिन सक्नुहुन्छ ?

क. निरक्षर ~ ख. साक्षर ग. एस.एल.सी. पास

घ. +२ पास ङ. उच्च शिक्षा

११. तपाईको आर्थिक मजबुदीको कारणले तपाईको शिक्षामा कस्तो प्रभाव परेको ठान्नुहुन्छ ?

......................................................................................................

१२. तपाईको सामाजिक अवस्था कस्तो छ ?

......................................................................................................

१३. दलित भएका कारण तपाईंले कस्तो कस्तो विभेद भोग्नुभयो ?

......................................................................................................

१४. सार्वजनिक स्थलमा छुवाछुतको अवस्था पहिला कस्तो थियो ? र अहिले कस्तो छ ?

......................................................................................................

१५. तपाईले गरेको सामाजिक प्रयासले समाजमा विकृतिहरू न्यूनीकरण भएको देख्नुहुन्छ ?

......................................................................................................

१६. तपाईंमा पहिला र अहिलेमा के परिवर्तन आएको छ ?

......................................................................................................

१७. तपाई दलित भएकोले समाजमा पहिला कस्तो व्यवहार गर्थे र अहिले कस्तो व्यवहार गर्छन ?

......................................................................................................

१८. तपाईं कुनै समुहमा आबद्ध हुनुहुन्छ ?

......................................................................................................

१९. समाजमा जातिय विभेदमा पहिला र अहिलेमा कति परिवर्तन भएको छ ?

......................................................................................................

२०. तपाईंको सशक्तिकरणमा के कुराले प्रभाव पारेको छ ?
क)................................ख)...................................

२१. तपाई कहिले देखि सामाजिक समुहमा आवद्ध हुनुभएको हो
..........................................................................................................

२२. तपाईलाई समूहमा आबद्ध हुनुभन्दा पहिला र भैसकेपछि हेर्ने दृष्टिकोणमा केके परिवर्तन आएका छन् ?
..........................................................................................................

२३. छ भने कस्ता परिवर्तन पाउनु भएको छ ?

......................................................................................

२४. समुहमा आवद्ध भएपछि जातीय विभेदमा कमी आउनुको कारण के के हुन् ?
........................................................................................................

२५. दलितहरूमा सामाजिक अवस्थामा कस्तो सुधार आएको छ ?
...............................................................................

२६. समाजले तपाईंलाई हेर्ने दृष्टिकोणमा कस्तो परिवर्तन आएको मान्नुहुन्छ ? किन?
.....................................................................................................

२७. स्थानीयस्तरका समिति,संघ संस्था र समूहहरूमा तपाईंको सहभागीता छ ?
क) छ ख) छैन

२८. तपाईंको सशक्तिकरणमा महत्वपूर्ण भूमिका के कुराले खेलेको जस्तो लाग्छ ?
क)............................. ख) ............................

२९. तपाई सामुहिक कार्यमा सहभागी हुँदा कस्ता खाले घरायसी समस्याहरू आई परेका छन्?
........................................................................................................

३० तपाईले सामाजिक कार्य गर्दा कस्ता परिवर्तन पाउनु भएको छ?
..........................................................................................................

३१. दलितहरूलाई समुहमा आवद्ध हुँदा कस्ता खाले समस्या आईपरेका छन् ?
.......................................................................................................

३२. सामाजिक कार्य गर्दा तपाईलाई हेर्ने दृष्टिकोण र परिवर्तन भएको पाउनुभएको छ ।
.........................................................................................................

३३ बैदेशिक रोजगारमा जानुपर्ने कारणहरू के के हुन्?
..........................................................................................................


३४. तपाईको समुदायमा सामाजिक, साँस्कृतिक परिवर्तन आउनुमा शिक्षाको भूमिका कस्तो रहेको मान्नुहुन्छ ?

......................................................................................................

तपाईंको अमूल्य समय र महत्वपूर्ण जानकारीका लागि धेरै धेरै धन्यवाद ।

# अनुसूची २

## अध्ययन क्षेत्रको नक्सा




अध्ययन क्षेत्र (पो.म.न.पा वडा नं ११ फुलबारी, काहुँ )